जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष–१२ , अंक– १९, २०७६ साल पुस १५ गते मंगलबार (Dec 31, 2019) www.janaakash.com.np मुल्य रु १०।-

# कहिले हुन्छ नेपालीहरूको सपना साकार

- ➢ प्रत्येक बर्ष सुख्खा मौषममा खानेपानीको अभाव ।
- ➢ बर्षयाममा भलवाडीको समस्या ।
- ➢ नेपालका मुख्य शहरको नाम धुलाम्यै शहर ।
- ➢ सपना भने ठुला ठुला काम गर्न सक्ने बिदेशतीर

नेपालीहरुले सफा वातावरणमा शान्तसँग हिड्ने संविधानले दिएको आफ्नो स्वतन्तता प्रयोग गरेर जुनसुकै काम, व्यवसाय गर्ने, उधोग खोल्ने, उधोगका लागि प्र्याप्त मात्रमा पायक पर्ने ठाउमा खुल्ला जमिन, उधोगलाइ आवाश्यक बिधुत, फोहोर ब्यवस्थापन, पानीको उपलब्धता साथै सुरक्षा लगायतका सामान्य नेपाली नागरिक नैसंर्गिक अधिकार प्राप्त नागरिकले प्रप्त गर्नुपर्ने सुविधाहरु नेपालीहरुले चाहेको र सुन्दर बिकशित नेपाल सम्पन्न नेपाली हुने सपना देखेको झण्डै सताब्दी को हाराहारीमा पुगिसकेको छ । त्यो सपना सपनामा सिमित होला भनेर कतिपयले त आशा मारेर निरास भईसकोको अवस्थामा हाम्रो देशको बिकाश अगाडी बढीरहेको छ ।

काम नगरी बिकाश हुदैन । यो सत्य तर्क हो । तर काम गर्न सक्ने दक्ष कामदार नेपालीहरुलाइ बिदेशमा काम गर्न लाइन लगाएर पठाउने देश हाम्रो नेपाल पनि हो । हाल सम्म पठाउदै आएको छ । यसरी देशका दक्ष कामदारहरु बिदेश पठाएर परिणाम चै हामी रातरात खोजिरहेका हुन्छौ । एउटा आयोजना पुरा गर्न १० बर्ष १२ बर्ष लगाउछौं सपना भने चरम बिकशित देशको देख्छौ यो बेमेल राष्ट्रको तरिकाले बिकशित देश बनाउन सजिलो देखिदैन ।

नेपालका थुप्रै भु भागहरुमा आजसम्म पनि सुख्खा मौषममा खानेपानिको अभाव व्यहोर्दै आएका नेपालीलाइ त बिकशित नेपालको त के चिन्ता जिवन धान्नका लागि प्र्याप्त पानी मात्रै सहज तरिकाले उपलब्ध भइदिए त्यो नै बिकशित नेपाल हो । पानी अभाव ब्यहोरीरहेका नेपालीहरुका लागि प्रकृतिक स्रोत अथाह छ । तर त्यसको सदुपयोग र संक्षण नगर्ने र योजनाहरु पनि नबनाउदा त्यही सुख्खा मौषममा अभाव हुने पानीले बर्षा याममा भलबाडीको रुप लिएर कतिपयलाइ बगाएर ज्यान समेत लिएको घटना धेरै देखिन्छन् ।

नेपालीहरुको बसोबास परम्परागत रुपमा नैं देशैभरी गाउँहरु छरिएर बसोबास गर्ने चलन रही आएको थियो । छ । पछिल्लो समय मानिसहरु शहर पस्ने शहरमा सम्भावना खोज्ने अर्थात काम खोज्ने काम गर्ने र आम्दानी गर्ने तिर आर्कषित हुदै कमाएको पैशाले छोराछोरी पढाउने गुणस्तर शिक्षा दिने नाममा नीजि स्कुल कलेज र त्यसको बिकसित रुप हुदा हुदा बिदेशमा पढ्न पठाउने र उत्तै बस्ने गरी ति दक्ष जनशक्ति पलायन गाराउने बाकी नेपालमा बस्नेहरु सवै धेरै जति अर्ध चेतना भएका मात्र बसोबास गर्ने गरेका देखिन्छन् । यसरी दक्ष जनशक्ति पढ्ने नाममा बिदेश पठाएर त्यो पनि नफर्कने गरी उत्तै काम गरेर बस्ने गरी यस्तो अवस्थामा हाम्रो देशले बिकशित नेपालको सपना देखिरहेको छ । नेपालका बाँकी २ पृष्ठमा

## हार्दिक निमन्त्रणा

भ.म.न.पा–२३ स्थित पशुपति मन्दिरलाइ धामको रुपमा बिकाश गर्ने, आयुर्वेदिक शिक्षालय स्थापना र क्यान्सर पीडित परिवारको सहयोगार्थ आयोजित एतिहासिक १०८ कुण्डीय कोटिहोम तथा अष्टोत्तरशत (१०८) श्रीमद्भागवत पितृमोक्षा एवं तुलादान मासिक विराट ज्ञाज महायज्ञ–२०७६ मा सादर निमन्त्रणा गर्दछौ ।

मिति : माघ ११ देखि फागुन ११ सम्म
स्थान : नारायणी नदी किनार, भ.म.न.पा.–१ नारायणगढ, चितवन
आयोजक :कोतिहोम महायज्ञ मूल समारोह समिति, हजुरहरु र हामी सबै
सम्पर्क शूत्र : ९८५५०११८६१, ९८५५०११८६२, ९८५५०५२३७२, ९८५१०७०६४६

## जडिबुटी व्यवसायी संघको साधरणसभा सम्पन्न

काठमाडौं । जडिबुटी व्यवसायी संघको १० औ साधरणसभा सम्पन्न भएको छ । यही ११ गते नयाँ बजारस्थित सम्राट पार्टी प्यालेसमा कार्यक्रम





आयोजना गरी साधारणसभा सम्पन्न गरेको हो । कार्यक्रमलाइ दुइ भागमा बिभाजन गरिएको थियो । पहिलो शत्रमा उदघाटन र जडिबुटी व्यवसायीहरुको अवस्था , आउदा दिनमा जडिबुटी व्यवसायी संघले खेल्ने भुमिका लगायत बिषयमा भएको थियो उक्त कार्यक्रमको सभातित्व धन बाहादुर लामाले गर्नुभएको थियो भने प्रमुख अतिथि जिल्ला डिभिजन कार्यलयका प्रमुख बद्री कुमार कार्की अतितिमा नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघका बाँकी २ पृष्ठमा

# नारायणगढमा बिराट महायज्ञ
## हेलिकप्टरवाट पुष्पबृष्टि गरिने

*मोहन पोखरेल*

आगामी २०७६ माघ ११ देखि फागुन ११ गतेसम्म नारायणगढमा कोटिहोम महायज्ञ हुदैछ । नारायणी नदी किनारमा हुन लागेको उक्त महायज्ञको कथा प्रबक्ता बिश्वबिख्यात बाल योगेश्वर महाराज जी हुने कोटिहोम मुल आयोजक समितिले जनाएको छ । यस महायज्ञलाइ ऐतिहासिक १०८ कुण्डिय कोटिहोम तथा अष्टोत्तरशत श्रीमदभागवत पितृमोक्ष एंवम तुलादान बिराट मासिक ज्ञान महायज्ञ २०७६ को नामकरण गरिएको छ ।

पूर्व जानकारी अनुसार माघ ४ गते मोटरसाइकल ऱ्याली निकलिने छ । माघ ११ गते ७ बजेः शोभाकला यात्राका साथ हात्ती, घोडा, रथ र बाजा गाजाका साथ झाँकी प्रस्तुत गरिने छ । आयोजक पक्षले जनाए अनुसार माघ ११ गते




११ बजे : यज्ञको समुदघाटन र पूर्वङकमा दिउसो १ बजेः १०८ पण्डितद्धारा पूर्वाङक हुनेछ ।

नेपाल भ्रमण बर्ष २०२० को पावन




अवसरमा आर्थिक पर्यटन प्रबधन गर्ने उदेश्यका साथ हुन लागेको यस कोटिहोम महायज्ञमा भरतपुर २३ जगतपुरस्थित बाँकी २ पृष्ठमा

# धन बहादुर लामाको सफल कार्यकाल

काठमाडौं । धनबहादुर लामालाइ जसले नजिक वाट चिन्दछन् अदभुतको क्षमता भएका व्यात्ति ५ पाउदछन् देख्दा, हेर्दा सरल स्वभावका घन बाहादुर सिन्धुपाल्चोक जिल्लाको बलेफी गापाको वडा न. ७ मा जन्मनु भएका लामाले त्यस गाउँको समाज बिकाश र चेतनाको अभावलाइ झेल्दै स्कुल पढ्न थालेका थिएरे पछि २०३८ शालमा नेपाली सेनामा भर्ती भएका लामाले नेपाली सेनामा रहदासमेत आफ्नो इमानदारिता राष्ट्रप्रतिको निष्ठालाइ कहिल्यै कमजोर हुन दिएनान् र नेपाली सेनामा जवानवाट जागिर शुरु गरेका लामा उप सेनानी पदवाट अपकाश भएका हुन् उनले २०६८ मा नेपाली सेनावाट अवकाश लिएपछि सेनामा श्री बिकाश कार्यदल गणको काममा खटिदा डोल्पा, रोल्पा, रुकुमका क्षेत्रमा जादा देखेको नेपालका जडिबुटी र सिन्धुपाल्चोकमा बाल्यकाल छदा देखेका थाहा पाएका जडीबुटीहरु त्यतिकै बनमा बर्षेनि कुहिएर जानुभन्दा त्यसलाइ बजार मा पुऱ्याइ बेच्न पाए गाउँमा रहेका किशानलाइ पनि केही रकम कमाउने र ब्यापार गर्दा आफैले पनि केहि आम्दानी गर्न सकिने त्यसको साथसाथै राष्ट्रलाइ राजश्व सम्म बृद्धि गर्न सकिने सम्झेर २०६७ सालवाट नै डि जम्बला जडिबुटी प्रा.लि. दर्ता गरेर व्यवसाय शुरु गरिसकेका थिए भने त्यसको १ बर्षपछि त नेपाली सेनावाट अबकाश पाएपछि झनै खुलेर जडिबुटीको काम गर्दा आनान्द नै अकै भएको बताउनुहुन्छ । धन बाहादुर लामा सामाजिक काम बाँकी २ पृष्ठमा





'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धि काम होस्

२०३८ सालमा स्थापना भएको महिला बिभाग पछिल्लो समयमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय भएको थियो भने बिभिन्न समयमा मन्त्रलयको नाम परिवर्तन हुदै आएको छ । महिला बालबालिका तथा समाजिक काम गर्नका लागि स्थापना भएको मन्त्रलय अर्न्तरगतका कार्यलयहरु देशभरी रहेका थिए जिल्ला कर्यलयहरुमा रहेर महिला बालबालिका र समाज कल्याणका सवै कामहरु जिल्लाका महिला मन्त्रलयका कर्मचारी बिषेश गरेर महिलाहरुले हेदै आएका थिए ।२०७४ स्थानिय ऐन लागु भएपछि जिल्ला महिला बालबालिका तथा समाज कल्याण मन्त्रलय अर्न्तगतका कर्मचारीहरु स्थानीय निकायमा समायोजन भइ गएका थिए । स्थानीयमा रहेका जन प्रतिनिधि र निजामतिको अलमलको कारण साथै त्यस स्थानीय कार्यलयमा अन्य फाँटका कर्मचारी पऱ्याप्त नहुदा ति अन्य फाटहरुमा पनि महिला बालबालिका अर्न्तगतका कर्मचारीले काम गर्नुपर्ने र महिला बालबालिका सम्बन्धि कार्यक्रम कतिपय स्थानीय निकायका जनप्रतिनिधिहरुलाइ त्यसको महत्व र अधिकारका बारेका थाहा नभएको र महिला बालबालिका अर्न्तगतका कर्मचारीले कार्यक्रम र बालबालिका महिला सम्बन्धि सचेतना मुलक कार्यक्रम, अधिकार, लैगिक हिंसा जस्ता बिषयमा जानकारी गराउदा समेत स्थानीय सरकारका जन प्रतिनिधिहरुले त्यस खालका कार्यक्रमलाइ अगाडि बढाउन नै चासो नराख्ने केन्द्रवाट महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङगको लागि आएको वजेत समेत अन्य कार्यमा लगाएकका खबर आउनु निक्के बिडम्बना हो । र कतिपय गाउँपलिकामा चासो राख्ने जनप्रतिनिधि भएका ठाउँहरुमा भने महिला बालबालिका तथा समाज कल्याण मन्त्रलयका कर्मचारी अभाव हुदा महिला बालबालिका ज्येष्ठ नागरिकलेहरुले प्रप्त गर्नु पर्ने सुविधावाट बञ्चित हुदै आएका थिए । छन् ।

२०७४ को प्रदेश/प्रतिनिधिसभाको निर्वाचन पश्चात बनेको केपी नेतृत्वको सरकारले महिला बालबालिका तथा समाज कल्याण मन्त्रलयलाइ नाम परिवर्तन गरेर महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलय बनाएको छ । नाम जे परिवर्तन गरेपनि काम महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङग लगायतको हितका निम्ति काम हुनुपर्ने थियो त्यस्तो काम कर्मचारीको अभावमा र महिला बालबालिका बिभाग हेरिरहेका कर्मचारीहरुलाइ अरु नै फाँटहरुमा खटाउदा नेपालभरीका धेरै जति क्षेत्रमा महिला बालबालिका ज्येष्ठ नागरिक सम्बन्धि काम प्रभावकारी हुन सकेको देखिदैन ।

त्यसैले नेपालको आधाभन्दा बढी जनसंख्या रहेको महिलाहरुको लागि बिशेष खालका कार्यक्रम दिएर स्वरोजार , शीपमूलक र चेतना अविबृद्धि गदै आर्थिक रुममा कमजोर भएकै कारण बिभिन्न हिंसामा पर्ने गरेका महिलाहरुलाइ आम्दानीमुखि कार्यक्रम सञ्चालन गरी महिलाहरुलाइ सशक्तिकरण गाराउन पर्छ ताकी कतिपय हाम्रा नेपाली चेलीहरुले बिदेशमा गएर नारकीय जीवन निर्वाह गर्नु नपरोस् साथै बालबालिका भनेका भोलिका कर्णधार हुन् ति बालबालिकाहरुको अवस्था कस्तो छ ति बालबालिकाहरु सानैमा जस्तो खालको शिक्षा दिन्छौ त्यस्तै बन्छन् । ति बालबालिकाहरुलाइ सक्षम बनाउनको निमित कार्यक्रमहरु सञ्चालन गरेर भोलिका दिनमा देशलाइ समतामुखी बनाउनको लागि काम गर्नुपर्ने हुन्छ । त्यसैगरी अपाङग, ज्येष्ठ नागरिकहरु प्रतिको राज्यको दाइत्व पनि त्यतिकै हुनुपर्छ मानिस जन्मेपछि बुढो हुन् स्वभाविक हो भने अपाङग कुनै पनिवेला जो पनि हुनसक्छ । उनिहरुको संक्षणको लागि राज्यले दिन पर्ने सुविधाहरु जस्तै परिचय पत्र भत्ता औषधि उपचार जस्ता गनैपर्ने कामहरु गर्नुपर्छ ।

त्यस्तो अहिले भइराखेको देखिदैन स्थानीय सरकारहरुले भाषण धेरै गर्ने काम थोरै गर्ने र महिला बालबालिका ज्येष्ठ नागरिक अपाङगहरुको बिषमा काम गरिरहेका कर्मचारीहरुलाइ अन्य बिभागको काम लगाएर देश र समाज प्रतिको जिम्मेवारी भुलेको जस्तो देखिन्छ । यसरी गैर जिम्मेवार भएर होइन महिला बालबालिका तथा ज्येष्ठ नागरिक अपाङगहरुको सेवा सुविधाको लागि भनेर जे उदेश्यले त्यस मन्त्रालय स्थापना भएको हो र त्यस अर्न्तगतका कर्मचारीहरुलाइ त्यसै बिभागमा प्रभावकारी ढंगावाट काम कार्यन्वयन गराइ नेपालको सामाजिक कार्य राम्रो छ भन्ने वातावरण बनाउन ढिला गर्नुहुदैन । देशमा अन्य मन्त्रलयले गरे जस्तै महिला बालबालिका तथा ज्येष्ठ नागरिक सम्बधि पनि काम होस् ।

# कुटनीतिक असमर्थमा बाचेको सरकार र प्रतिपक्ष

**मोहन पोखरेल**

**मोहन पोखरेल**



कांग्रेसभित्रको विवाद समाल्नै नसकिने गरी चुलिमा पुगिसकेको छ । सरकारमा रहेका मन्त्री उपेन्द्र यादव बाहिरिएका छन् । सरकार दुइतिहाइवाट तल झरिसकेको छ । इण्डो प्यासेफिक स्ट्राट्रेजीको अङग रहेको एमसिसि प्रतिवेदनलाइ सरकारले मुर्तरुप दिन सकेको छैन । पार्टी र सरकार बीचको मतभेद झाँगिसकेको छ । सरकारमा रहेका मन्त्री र पार्टी चलाउने कमरेडहरुका बीच एकरुपता छैन । सरकारका संवैधानिक निकायहरु निकम्म बन्ने क्रम जारी छ ।

मुख्य गरी सर्वोच्च अदालत, महाधिबक्ताको कार्यलय, र अख्तियार दुरुपयोग अनुसंन्धान आयोग वेवारिसे जस्ता देखिएकाले न्ययायीक कार्यमा बाधा उत्पन्न भएको छ । राष्ट्रिय अनुसंन्धान बिभाग जस्ता प्रहरीका खुफिया एजेन्सीहरु कप्युनिष्ट सरकारको प्रभावमा पर्दा न्यायीक काम नभएका गुनासा सुनिएका छन् । हरेक तप्कामा डण्डहिनता बढेको बढ्यै छ ।सर्वसाधरण जनता न्याय पाउनवाट बञ्चित हुने क्रम बढ्दो छ ।

आखिर किन हुन गयो यस्तो अराजक अवस्था ? कुटनीतिक मामलामा लगभग बिफल भइसकेको कम्युनिष्ट सरकार र दह्रो प्रतिपक्षको भुमिका खेल्न नसकेको र आफैमा विवादमा रुमलिएको कमजोर कांग्रेसका कारण मुलुकले फड्को मार्न नसकेको यथार्थ कारण हुन् । नत्रभने छिमेकी चीन सरकारले सार्वजानिक गरेको बि. आर. आइ.रणजनीति र अमेरिकाले सार्वजानिक गरेको इण्डोप्यासेफिक स्ट्राट्रेजीमा अल्प बिकसीत राष्ट्र नेपाल यसरी रुमलिइ रहनु पर्ने कुनै कार्य थिएन । आफ्नै स्ट्राट्रेजीमा नेपालले साहासिक निर्णय गर्न सक्दथ्यो । पार्टीहरुको गतिहिन नेतृत्वको कारण प्रजातन्त्र देखि गणतन्त्रसम्म आइपुग्दा कुटनीतिक मान मर्यादा रहन सकेन ।

अव यतिखेर अमेरिकी स्ट्राट्रेजीमा रहेको एमसिसि प्रतिवेदन संसदवाट पारित गर्ने कि नगर्ने भन्ने मै सत्तारुढ दलभित्रै विवाद र काग्रेसभित्रको ढुलमुले प्रबृति जिम्मेवार रहेको जग जाहेर नै छ । परराष्ट्र मन्त्री प्रदिप ज्ञावली अमेरिकी बिदेश मन्त्रीका बीच भएको दोहोरो सम्झौतामा ५७ अर्व नेपाली रुपैया नेपालको जलबिधुत, सडक तथा अन्य बिकाश कार्यमा खर्च गर्ने भन्ने उल्लेख छ त्यो नेपालको परराष्ट्र नीति बिपरित छ भने प्रष्टसँग बाहिर ल्याउनु पर्छ र हामी लिदैनौ भन्नुपर्छ ।

यस्तो सहयोग लिन हुन्छ कि हुन्न हल्ला गरेर बस्नु कुटनीतिक असफलता नै हो । काठमाडौंस्थित अमेरिकी दुतावासले नेपाल सरकारलाइ छेड हानेर भनिसक्यो खाचो छ भने लिने नभए नलिने कर छैन ।

अमेरिकाको सहयोग लिदा चीन रिसाउने, चीनको सहयोग लिदा अमेरिका र भारत दुवै रिसाउने डरले नेपालले सहयोग लिन सकेको छैन । लिने नलिने संसदहरुको तिव्र विवाद हुनुले सरकारको कुटनीतिक असमर्थतालाइ राम्रोसँग प्रष्ट्याउछ लिने नलिने संसदहरुको तिव्र विवाद हुनुले सरकारको कुटनीतिक असमर्थतालाइ राम्रोसँग प्रष्ट्याउछ ।

कांग्रेस पनि यस्ता मामलामा जिम्मेवार रहेको छ । कांग्रसले दह्रो प्रतिपक्षको भुमिका खेल्न सक्थ्यो भने र सरकारमा रहेका मन्त्रीहरुका बीचमा एकरुपता हुन्थ्यो भने अमेरिकी र चीनियाँ सहयोग दुवै नेपालले प्रप्त गर्न सक्दथ्यो ।

तर नेपालको हितम कुन छ । कुन छैन । त्यो हाम्रो परराष्ट्र नीतिले निर्धारण गरेर गर्नुपऱ्थ्यो त्यो गरेको पाइएन । यसैलाइ भनिन्छ कुटनीतिक असमर्थता ।

## नारायणगढ...

श्री पशुपतिनाथ मन्दिरलाइ बृह्रत आमको रुपमा बिस्तार गरिने लक्ष्य लिएको छ । यसका साथै चितवन मै पहिलो आयुर्वेदिक शिक्षालय स्थापना गर्ने, क्यान्सर पिडीत परिवारलाई सहयोग गर्ने महान उदेरश्यका साथ महायज्ञ गर्न लागेको आयोजक पक्षले जनाएको छ ।१०८ पण्डितद्धारा १०८ हवन कुण्डमा पुजन हुनेछ । बिशेष जडिबुटी सहित १ करोडले २५ लाँख मन्त्र जपद्धारा काटिहोम हुनेछ साथै ४ वेद १८ पुराण अष्टोत्तरशत ( १०८ ) श्रीमदभागवत पाठ परायण र पितृ मोक्षका लागि २१ करोड दिप प्रज्वलन हुनेछ । यसका साथसाथै २१ ह्जार भन्दा बढी ब्याक्तिहरुको तुलादास र १०८ तिर्थस्थलको जलसहित हेलिकप्टरवाट पुष्पबृष्टि गरिने जनाइएको छ । पाँच हजार एक सय कलस पुजन, तथा भुमि पुजन, शालिग्रम परिक्रमा तथा पुजन, दुखः निवारण यज्ञ, कन्या पुजन, ज्येष्ठ नागरिक सम्मान, समाजका प्रतिष्ठित ब्यक्तिहरुको सम्मान,शारीरिक अशक्त भएका ब्याक्तिहरुको सम्मान आदी कार्यक्रम महायज्ञमा हुनेछन् । प्रत्येक दिन सुमधुर प्रबचन, दिब्य झाँकी नृत्य र रोचक नाटक प्रस्तुति गरिने छ ।

## जडीबुटी....

अध्यक्ष गोविन्द घिमिरे रहनु भएको थियो स्वागत मन्तव्य सचिव बिष्णु भण्डारीले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन कार्यसमिति सदस्य महेस बञ्जराले संञ्चालन गर्नु भएको थियो । कार्यक्रमको र जडिबुटी व्यवसायी संघको बारेमा वरिष्ठ उपाध्यक्ष देवेन्द्र ढकालले प्रष्ट्याउनु भएको थियो । संस्थाको प्रतिवेदन मंजिव शाक्यले पढेर सुनाउनु भएको थियो । कार्यक्रमको दोश्रो सत्रमा निर्विरोध चुनिएका पदाधिकारीहरुलाइ पद हस्तान्तरण गरिएको थियो ।

नयाँ कार्य समिति यस प्रकार रहेको छ ।

अध्यक्षः बिष्णु भण्डारी, वरिष्ठ उपाध्यक्षः मञ्जिव शाक्य, प्रथम उपाध्यक्षः कृष्ण कडेल, उपाध्यक्षः जंग बाहादुर गुरुङ, सचिवः सुनिलमान तुलाधर, सहसचिवः महेश बञ्जरा, कोषाध्यक्षः बिक्रमराज कुँवर, वरिष्ठ सदस्यः जगदिशचन्द्र घिमिरे, सदस्यहरुमा (१) मनोरथ गौतम, (२) कमल कोइराला, (३) सुदीप गौतम, ( ४) सुरेश सापकोटा, (५) महिला सदस्यमा देशमाया लामा माथि उल्लेखित कार्य समिति सर्वसहमतिवाट चयन भएका हुन् । शुरुमा अधिवेशनमा जाने निधो गरेर जडिबुटी व्यवसायी संघका वरिष्ट उपाध्यक्ष देवेन्द्र ढकाल, सचीव बिष्णु भण्डारी र वर्तमान अध्यक्ष धन बहादुर लामाको उम्मेद्धारी घोषणा भएको थियो । व्यवसायीहरुले यसरी चुनावमा जादा बाहिर सन्देश नराम्रो जाने भन्दै छलफलवाट नै सहमति खोजौ भनेर सुझाव दिएपछि अध्यक्ष र उपाध्यक्ष द्धयले उम्मेद्धारी फिर्ता लिएपछि बिष्णु भण्डारी लगायत प्यानल नै सर्वसहमतिले चयन गरिएको कार्यक्रममा जानकारी दिएको थियो । जडिबुटी व्यवसायी संघको दुइ दुइ बर्षमा कार्य समितिको चयन गर्ने व्यवस्था रहेको छ ।

## धन...

असाध्यै मन पराउने हुनाले जडिबुटी व्यवसायी संघको संस्थापक दोर्जे लामाको नेतृत्वमा गठन भएको जडिबुटी व्यवसयी संघ नेपालको संस्थापक सदस्यको रुपमा काम गर्नुभयो त्यसपछि भरत कुमार बस्नेत, राकेश अग्रवाल अध्यक्ष भएका कार्यसमितिमा पनि कार्यसमिति सदस्यको हैशियतमा काम गरेपछि २०७३ सालमा ८ औ साधारणसभावाट सवै जडिबुटी व्यवसायी साथीभाइको मन जित्न सफल हुनुभयो र धिमा गतिमा चलिरहेको जडिबुटी व्यवसायी संघका राकेश कुमार अग्रवाल निस्क्रिय रुपमा रहेको अवस्था र संघका संस्थापक अध्यक्ष दोर्जे लामाको २०७२ को महाभुकम्पमा मृत्यु भएपछि र धन बाहादुर लामाले आफ्नै परिवारको जेठो छोरालाइ भुकम्पमा गुमाउनु परेको थियो ।

त्यो कठिन र समालि नसक्नु अवस्थावाट आफ्नो परिवारलाई संगाल्दै र जडीबुटी व्यवसायी संघ नेपाललाइ क्रियाशील गराउन धन बाहादुरले अध्यक्षको जिम्मेवारी लिनुभयो । अध्यक्षको जिम्मेवारी लिने बित्तिक्कै काठमाडौंको ढल्कुमा रहेको संघको कार्यलयलाई अन्तराष्ट्रिय ब्यापारिक केन्द्र ठमेलको ज्याठामा सारेर नेपाली जडिबुटीको प्रचारमा अहम भुमिका खेल्नुभयो ।

उहा अध्यक्ष हुनुपूर्व संघमा जम्माजम्मी ४५ जना सदस्य रहेको जडिबुटी व्यवसायी संघ नेपालको सदस्य संख्या आफ्नो कार्यकालमा २०० भन्दा बढी पुऱ्याउनु भयो ।

त्यसैगरी उहाको कार्यकाल भन्दा अगाडिका कार्यसमितिले कार्यलय चलाउन समेत धौ धौ भएको संघलाइ धन बाहादुर अध्यक्ष भएको कार्यकालमा अक्षय कोष मात्रै १० लाख रुपैयाको स्थापना गरेको छ ।

त्यसै गरी नेपालको जडिहबुटीहरुलाइ अन्तराष्ट्रियस्तरमा चिनाउन पहल गरेको र जर्मनमा भएको अर्न्तराष्ट्रिय जडिबुटी एक्पोमा नेपालको प्रतिनिधित्व गदै जडिबुटी व्यवसायी संघले भाग लिन सफल बनाउनु भयो साथसाथै बंगलादेशमा एक्स्पो गरेर नेपालको जडिबुटीलाइ प्रचार प्रशार गर्न सफल गरेको, फेडेरेशन नेपाल नामक अन्तराष्ट्रिय एक्सपोर्टमा नेपालको जडिबुटी व्यवसायी संघ उपाध्यक्षको हैशियत पाउन सफल गराएको अन्तराष्ट्रियस्तरमा नेपालमा ४ हजार वटा महत्वपुर्ण जडिबुटी पाईन्छ भन्ने जानकारी गराउन सफल भएको जस्ता महत्वपुर्ण कार्य गरेर हाल निर्वमान भएका साथै सल्लाहकार समितिमा मनोनित धन बाहादुर लामाले आफ्नो अध्यक्ष कार्यकाल सफल बनाएको १० औ साधरणसभामा भव्य र सफल बनाएको भन्दै व्यवसायीहरुले साधरणसभाको कार्यक्रममा प्रशंसा गरेका थिए । यहि पौष ११ गते नयाँ बजार स्थित सम्राट पार्टी प्यालेसमा १० औ साधारणसभामा बिभिन्न ब्यक्तित्वहरुले धन बाहादुर लामाको अध्यक्षको कार्यकाल राम्रो भएको भनेर बधाइ समेत दिएका थिए । धन बाहादुर लामा जडिबुटी व्यवसायी मात्र नभएर बिभिन्न संघ/संस्थाहरुमा रहेर सामाजिक काम समेत गदै आउनुभएको कुरा स्वयमले बताउदै आएका छन् । उहाको श्रीमति एक छोरा र छोरी रहेका छन् ।

## कहिले...

नेताहरुले भाषण गदै यस्तो वास्ताविकतालाइ भुलेर बिकशित नेपाल बनाउने नेताहरुले भाषण गर्छन् । भाषणले देश बनेको उदारण काही पनि देखिएको छैन । त्यसैले भाषणले नेपालीहरुको चिल्लो पिचमा गाडी कुदाउने, धुम्दै जादा जाहा तिर्खा लाग्छ कलकल पानी धारामा थापेर पिउने हिउद बर्ष जहिले पनि आनान्दसँग आफ्नो काम गर्न पाउने सुरक्षा हुने ठुला ठुला कलकारखान निमार्ण गरेर हजारौ हजार कामदारले नेपालमा नै आवाश्यक सामग्रीहरु उत्पादन गरेर आपुर्ति गर्ने बाताबरण भाषणले हुदैन । काम गरे हुन्छ भन्छन् बिकाशवादी नेपालीहरु तर नेपालमा यतिवेलासम्म भाषण गर्ने र युवाहरुलाइ यो वा त्यो वाद सिद्धान्त, विचार, दर्शन के के नाम दिएका पार्टीको नाममा भुलाउने र सधै ७० बर्ष अगाडी देखिका दात फुक्लेका केश फुलेका फोक्सोमा समस्या भएका किड्नी फेल भएका सुगर लागेर दैनिक औषधि खादै हिड्ने ६० बर्ष उमेर पार गरेका नेताहरुले गर्ने भाषण र तिनैले दिएको भीकको टुक्रा रोटि खाएर तिनै ६० कटेका नेताका दास बनेर तिनकै पछिपछि लाग्ने नेपालका अर्धचेत भएका युवापुस्ताहरुको सोच र यही सोचवाट अगाडी बढीरहने हो भने नेपालको सुन्दर बिकाश नेपालीहरुले नेपालमा नै रोजगार प्रप्त गर्ने वातावरण बन्ने कुनै आधार देखिदैन । नेपालका मूख्य शहरहरु बिकाशको नाममा खोतल्ने र खोर्सिने क्रम चलेको ४ दशक भन्दा बढी भइसकेको देखिन्छ । तर परिणाम भने सधै कुहिरी मण्डल जस्तै धुलो धुवाको बीचजवाट रुपलिदै मानिसहरु हिड्नुपर्ने बाध्यताहरु देखिन्छन् । त्यसले मानिसहरुको स्वास्थ्यमा पुऱ्याउने असर रोग ब्याधिका कारण हुने बार्षिक खर्च कसैले अनुमान लगाउन नसकिने भएको छ । यसको सावधान पनि पानीसँग जोडिएको हुनाले नेपाल जलस्रोतको अथाह भण्डार भएर पनि यस्ता समस्यावाट बञ्चित हुनुपर्दा के के नाम गरेका राजनीतिक पार्टी खोलेर चुनावमा अबैध ढंगवाट पैशा खर्च गरी जितेका र सरकारमा पुग्ने र सरकारमा हुदा आफ्नो देश नेपालको हितमा भन्दा अरु नै देशले ल्याएका योजनाहरुमा बढी काम गर्ने परिपाटीले नेपालको बिकाश हुने सम्भावना देखिदैन । नेपालको बिकाशमा ध्यान दिने र गर्ने हो भने पुराना जो ६० उमेर कटेकाहरुले बिस्राम लिनुपर्छ र जो नेपालको लागि म काम गर्छु भनेर आउने पत्यारिलो आधार बनाएको ब्यक्ति जसले सफल केही कार्यहरु गरेको उदारण समेत पेश गर्न सकोस त्यस्ता प्रतिस्पर्धामा भाग लिएर नेपालको सुन्दर परिकल्पना र योजना बनाए पेश गर्न सक्ने योग्य नेतृत्वलाइ नेपालको कार्यकारी पदमा नेपालीहरुले पुऱ्यायउन सके भने नेपालको बिकाश गर्न सकिन्छ भन्ने आधारहरु पनि देखिएका छन् नेपालका भइरहेका बिकाशहरुको प्रगति सन्तोषजनक छैनान् । नेपालको राष्ट्रिय गौरवको आयोजना माथिल्लो तामाकोशी जलबिधुत आयोजना, मेलम्ची खानेपानी आयोजना कुलेखानी तेस्रो, निजगढ अन्तराष्ट्रिय बिमानस्थल निर्माणको काम, पोखरा बिमानस्थल, पुष्पलाल पाहाडी लोकमार्ग, हुलाकी राजमार्ग लगायत नेपालका योजनाहरु बाजेको पालामा शुरु भइ नातिको पालामा सम्पन्न हुने जस्ता देखिन्छन् । यस्तो धिमा गतिमा हुने नेपालको बिकासले नेपालका नेताहरुले बाड्ने गरेको झुट्टो सपना साकार हुदैन । नेपालीहरुले देखेको बिकशित नेपाल बनाउन काम गर्नसक्ने नेतृत्व देशले खोजेको छ । त्यो नेपालको प्रचलित कानुन बमोजिम आउदो २०७९ मा नेपालमा निर्वाचन हुनेछ । त्यसवेलासम्म नेपाल बनाउछु नेपालीहरुलाइ काम लगाउछु म पनि काम गर्छु भन्ने योग्न नेपालको माया हुने युवाहरुले आट गरेर ६० उमेर कटेका नेतृत्वलाइ नस्वीकारी अहिले देखि नै प्र्यास गरेर नेपालको बिकाश गर्ने सपना देख्ने हो भने नेपालको बिकाश अवका नयाँ पिडीले गर्न सक्ने देखिन्छ ।

यस्तो नेपालको बिकाश गर्न सक्ने सक्षम, योग्य नेतृत्वलाइ मात्र मतदाताहरुले मतदान गरेर बिकशित नेपालको सपना देख्नुपर्छ जसले कुनै पार्टी वाद तन्त्रको पगरी गुथाएर भेदभाव नगरोस नेपालका सक्षम नेपालीले प्रतिस्पर्धावाट उत्कृष्ट जो हुन्छ उसैले हरेक क्षेत्रको नेतृत्व गर्ने वातावरण बनोस भन्ने उदेश्य राखेर काम गर्ने नेपालीले अवसर पाउछन् तिनै सक्षम नेतृत्वले बनाएक योजनाहरु गर्ने कामहरुले बिकशित नेपाल बन्छ भन्ने विश्वास लिन सकिन्छ ।

# व्यवस्थित रुपमा वनभोज स्थल निर्माण गरेका छौं

*केशव बहादुर थापा(निरु) समाज सेवामा समर्पित परिचित नाम हो । उहाँ जलदेवी सामुदायिक वनको अध्यक्ष हुनुहुन्छ । भरतपुर -२ आँपाटारीस्थित वनको सामुदायिक कार्यालयमा उहाँसंग पत्रकार मोहन पोखरेल र सुरेश कुमार अधिकारीले जनआकाश साप्ताहिकतर्फबाट लिएको अन्तरवार्ता यहाँ प्रस्तुत गरिएको छ ।*



## केशव बहादुर थापा(निरु)
## अध्यक्ष, जलदेवी सामुदायिक वन

**१ जलदेवी सामुदायिक वन को प्रगतिको वारेमा केही वताई दिनु हुन्छ की ?**

- जलदेवी सामुदायिक वन उपभोक्ता समूह २०५८ साल आश्विन १ गते दर्ता भएको हो । यस समूहको हस्तान्तरीत वन क्षेत्र १९९.८७ रहेको छ । यहाँ हाल १३८५ घरधुरी सदस्यहरु आवद्ध छन । बजार क्षेत्र नजिक भएकोले यहाँ दैनीक रुपमो आन्तिरीक पर्यटकहरु घुम्न आउने गरेका छन । यो सवै वन क्षेत्रमा तराईमा पाईने वोट विरुवाहरु पाईन्छ । यहाँ मनोरम पार्क वनभोज स्थल वालउद्यान्न, नेपालकै सवै भन्दा ठूलो शिव लिङ्ग नेपालमा सवै सामुदायिक वनहरु भन्दा पहिलो जिपलाईन ( साहासिक खेल) सञ्चालनमा छन यसले गर्दा यहाँ रोजगारी वढाउन सकिएको छ ।

**२ छिमेकी सतनचुली वनको तुलनामा तपाईको वनले क्षेत्रफल निकै कम छ । वनको आय श्रोत पनि कम नै होला । तर सतन्चुली भन्दा निकै अघि वढ्नुभयो नी ,कारण के के हुन ?**

आ-आफ्नो ठाँउको भौगोलीक वनावटले गर्दा फरक फरक अवस्था हुन आउदछ यहाँको आयश्रोत भनेको काठ,दाउरा, पार्क वनभोज स्थल र डिभिजन वन, स्थानीय निकाय विभिन्न संघ संस्थाहरु व्यक्तिहरुले गर्नु भएको सहयोग नै मुख्य आय आर्जनको श्रोत हो हामीले ठिक समयमा ठिक ठाँउमा लगानी गरेको छौं विषेश गरि यहाँका उपभोक्ताहरु निकै सहयोगी छन हामीले ल्याएको योजनाहरुलाई गम्भिरता पुर्वक छलफल गरेर सुझाव दिनु हुन्छ । यसैका आधारमा हामी काम गरिरहेका छौ अझ भन्नु पर्दा डिभिजन वन कार्यलय वाट राम्रो सहयोग पाएका छौं वेला वेलामा वन संग संम्वन्धित व्यक्तिवहरु संग छलफल गरिरहन्छौं यसरि हमीलाई उर्जा मिलेको छ । वेला वेलामा पत्रकार सथिहरु आएर सर सल्लाह दिनु हुन्छ । यसरि हामी काम गरिरहेका छौं आयश्रोतहरु त हामीले श्रृजना गर्ने हो श्रोत पत्ता लगाएपछि आम्दानी हुन्छ । यि आदि कारणहरु हुन ।

**३ तपाई जलदेवी मा आउनु अघि र अहिले अध्यक्ष भएपछि के अनुभव गर्नु भएको छ ?**

- म यहाँ कार्यसमिति को सदस्य एक पटक सचिव २ पटक र अध्यक्ष एक पटक भए अध्यक्ष हुनु अगाडी म अध्यक्ष लगाएतका सथिहरुलाई सथ दिन्थे आफु अध्यक्ष भएपछि निकै ठूलो भारि वोकेको रहेछु जस्तो लागेको छ । म यहाँ आएपछि नेपाल भरिका सामुदायिक वनहरु घुम्ने मौका पाँए विविन्न स्थान घुम्दाको अनुभवलाई साथिहरु संग वाडेर काम गर्दा रमाईलो जिम्मेवारी अनुभव गरेको छु ।

**४ उपभोक्ताहरु लाई के कस्तो सुविधा दिनु भएको छ। तपाईका उपभोक्ता सन्तुष्टि छन ?**

- उपभोक्ताहरुलाई काठ दाउरा सहुलियत दरमा विरतण गर्छौं निम्न वर्गका २२ जना विद्यार्थिहरु लाई पढाउन खाजा खाना वाहेक पठन पाठनमा सवै खर्च व्यहोरेका छौं । वेला वेलामा अवस्था हेरेर रोजगारी दिएका छौं भै परि प्रकृतिक प्रकोपमा निशुल्क काठ दाउरा दिएका छौं ६८ घर धुरीका लागी स्वस्थ विमा गरि दिएका छौ हामीले एकलाख सत्तरीहजार खर्च गरेर राज्यवाट वहाँहरुले चौतिसलाख वरावरको औषधि उपचार पाउनु भएको छ । वाटो ढल पिच वनाउदा अवस्थाहेरेर आर्थिक सहयोग गरेका छौं ।आय आर्जन गर्ने कामको लागी ठेला वितरण गरेका छौ आय मूलक तालिमहरु संञ्चालन गरेर आय आर्जन गर्ने वातावरण वनाएका छौं

**५ जलदेवी को अगुवाईमा भएको पिकनिक स्पटको सञ्चालनमा तपाईको वढि प्रसंसा भएको पाईएको छ । यस वारे तपाई को धारण ?**

-हामीले व्यवस्थित रुपमा वनभोज स्थल निर्माण गरेका छौ त्यसैले पनि हुन सक्छ प्रसंसा भएको वन भोजस्थल मात्र नभएर वनभोज खान आउने वाल वालिकाहरुलाई खेल्ने वाल वाटीका छ । फोटो खिच्नको लागि सेल्फी स्पट वनाएका छौ त्यसैले हुन सक्छ अझ अरु वढि भन्दा वढि मनोरञ्जन गरुन भन्ने हेतुले जिपलाईन लगाएतको कार्यक्रमहरु गरेका छौ त्यसैले हुन सक्छ ।

**६ जलदेवी को भावी योजना अरु के के छन ?**

सामुदायिक वनको भावि योजनाहरु विषयमा हामी कसरि यहाँको उपभोक्ताहरुलाई वढि जनालाई रोजगारी दिन सकिन्छ भन्ने छलफल चलाएका छौ विषेश गरि भ्रमण वर्ष २०२० लाई लक्षित गरि पर्यटन प्रवर्द्धनमा लाग्दा सामुदायिक वन लाई मात्र नभै राज्यलाई पनि फाईदा पुगोस अहिल्यै त नभनौ तर अव अर्को वर्षमा सवैले देखीने गरि नयाँ कार्यक्रमहरु पर्न आउछ अरु वन संरक्षर पर्यटन र उपभोक्ताहरुको आय आर्जनका विषय हाम्रो आदि योजना हुन ।

**७ समुदाय र वाल वालिकाहरुको लागी के कस्ता चुनौतीहरु सामना गर्नु भएको छ ?**

- समुदायका लागि विभिन्न समय सान्दर्भिक तथा आयमूलक तालिमहरु, आय आर्जनका कार्यक्रमहरु गर्छौं वाल वालिकाहरुलाई पठन पाठन व्यवस्था र वौद्धिक वृद्धिविकास का कार्यक्रमहरु ल्याएका छौं

**८ तपाईले वन संग के कस्तो चुनौती सामना गर्नु परेको छ ?**

- हरेक क्षेत्रमा चुनौतीहरु त हुन्छन नै तर पनि वन एउटा खुल्ला सम्पती भएको कारण धेरै नै चुनौतीहरु रहेका छन जस्तै रातविरातको समयमा काठ दाउरा चोरी तस्करी गर्ने, कोईला पोल्ने वन्य जन्तुका वच्चाहरु समाउने, मार्ने गर्मिको मौषममा डढेलो लाग्नु तथा विविन्न आसयले लगाईदिने, वातावरण परिवर्तनका कारण विभिन्न दुर्लभ प्रजातीका वोट विरुवा तथा वन्य जन्तुहरु हराउदै जानु

**९ वाँदर नियन्त्रणका लागी के कस्तो प्रयास गर्नु भएको छ ?**

- वाँदर पनि यहि प्रकृतिको सृष्टी हो प्रकृतीका हरेक जिव जन्तुको आ-आफ्नै देन रहेको हुन्छ त्यसैले वाँदरलाई नियन्त्रण होईन व्यवस्थीत गर्नु पर्दछ । वनमा विभिन्न खालका जंगली फलफुलका वोटविरुवाहरु रोपेर भएका विरुवाहरु संरक्षण गरेर वादरको आहर र वास स्थान अनुकुलन गराउन पर्छ । जस्को कारण वस्ती तिर आई दुःख नदियोस । यसको लागी हामी कार्यक्रमहरु वनाएर अघिवढ्ने सोच छ ।

**१० वार्षिक कति आम्दानी गर्नु हुन्छ ?**

- हाम्रो आम्दानी स्रोत भनेको डिभिजन वन कार्यलयको समूहको पञ्चवर्षिय कार्ययोजना अनुसार कटान गरिएको गोलिया काठ दाउरा उपभोक्ताहरु लाई सहुलियत दरमा विक्रि गरेर वचेको केही प्रतिशत र अन्य वैकल्पिक आय श्रोत भनेको पिकनिक स्थल, वालउद्यान्न, पार्क र व्रिकेट विक्रि रहेको छ ।

सरदर वार्षिक तीस पैतीस लाखको हाराहारीमा यस समूहको आम्दानी रहेको छ ।

**११ अन्त्यमा थप केही भनाई दिनु हुन्छ की ?**

- हामीले सामुदायिक वनमा पहिलो पटक जिपलाईन सुरु गरेका छौ । हाम्रो लागी मात्र नभै देशकै लागी टेवा पुऱ्याउने उद्देश्यले पर्यटन वर्ष २०२० लाई लक्षीत गरि यस कार्यक्रम ल्याएका हौ ।

आसा छ यसलाई सफल पार्न सम्पूर्ण पत्रकार वन्धुहरु वुद्धिजिवी वर्ग, संघ संस्था वाट सहयोग गर्नु हुने छ । अझ थप नया नौलो कार्यक्रमहरु ल्याउने प्रयास गरिरहने छौ ।

**हाम्रो आम्दानी स्रोत भनेको डिभिजन वन कार्यलयको समूहको पञ्चवर्षिय कार्ययोजना अनुसार कटान गरिएको गोलिया काठ दाउरा उपभोक्ताहरु लाई सहुलियत दरमा विक्रि गरेर वचेको केही प्रतिशत र अन्य वैकल्पिक आयश्रोत भनेको पिकनिक स्थल, वालउद्यान्न, पार्क र व्रिकेट विक्रि रहेको छ । सरदर वार्षिक तीस पैतीस लाखको हाराहारीमा यस समूहको आम्दानी रहेको छ ।**

# अरबान्स् नेपाल ले ल्यायो एप

काठमाडौं । अरबान्स् नेपाल ले नेपालमै पहिलो लोकल होम सर्भिस एप लन्च गरेको छ । शुक्रवार काठमाडौंको होटल सोल्टीमा आयोजीत एक कार्यक्रममा उक्त एप लन्च गरिएको हो ।

विशेष गरी दैनिक जिवनमा घर तथा कार्यालयमा हुने मर्मत संभारको समस्याहरुलाई मध्यनजर गर्दे यो एप लन्च गरीएको हो ।

अरबान्स् नेपाल (urbansnepal) ' एउटा यस्तो एप हो जसमार्फत उपभोक्ताले आफुलाई चाहिएको दैनिक सेवाको लागी दक्ष कामदार हायर गर्न सक्नेछ, जसले सहुलियत र १५ दिनको ग्यारेन्टिका साथ सेवासुविधा उपलब्ध गराउनेछ ।

आफुले खोजेको बेला समाधान गर्ने ब्यक्ति नपाउने कारणलाई विशेष महत्व राख्दै, अब अनलाइनबाटै हरेक सुविधाहरु १ क्लिकमा नै घर आँगन अगाडि प्लान लिई अरबान्स् नेपाल बजारमा पाइला चालेको दावी आयोजकले गरेको छ ।

कार्यक्रममा अरबान्स् नेपालका सिईओ तथा संस्थापक सविल खानले स्वदेशमै रोजगारीको माहोल बनाउछु भन्ने नाराका साथ आफुहरुले यो एप लन्च गरेको जानकारी दिए ।

खानले भने दैनिक १२०० भन्दा बढि युवा खाडी मुलुकमा कामको सिलसिलामा पलायन हुनु पर्ने अवस्था छ । जसमध्ये ७० भन्दा बढि नेपाली रातो वाकसमा मुत्युकको रुपमा फर्कन्छन् ।

जब हाम्रै देशमा हामीलाई चाहिने सुविधाको माग छ भनेर सिटिभिटि बाट हजारौ दक्ष कामदारहरु दिक्षित भएर निस्कन्छन भने देशमै रोजगारको प्लेटफर्म हामी आफैले बनाउनु पर्दछ । उनले भने किन परिवारको साथ छोडेर अर्काको देशको ४० डिग्रि घाममा आफनो पसिना बगाउने र ज्यान जोखिममा हाल्ने ।

खानले अगाडि भने -अरबान नेपाल त्यो प्लेटफर्म बनिसकेको छ । टुटलको जस्तै कमिशन मोडलमा आफु आफ्नै मालिक जस्तै काम गर्ने विकल्प आफै छान्ने सिस्टम बनाइएको छ । जसले गर्दा विचौली तथा दलालहरुले कुनै पनि मौका पाउने छैनन् ।'

उनले अन्तिममा भने सरकारलाई दोष दिन छाडौ, हामी युवाले हाम्रै युवाहरुको लागी सोचौ, कसैको भरमा नबसौ ।'

उक्त कार्यक्रमको पुर्व सन्ध्यामा अरबान्स् नेपालले युथ माइग्रेशन एण्ड इट्स् इम्प्याक्ट इन द इन्टरप्रिनरशिप कल्चर इन नेपाल' (Youth Migration and it's Impact in the Entrepreneurship Culture in Nepal) विषयक प्यानल डिसकसन पनि गरेको थियो । उक्त प्यानल डिसकसनमा चौधरी ग्रुपका एक्जुकिटिभ डाइरेक्टर करुण चौधरी, ल्याटिडो लेदरका सञ्चालक विलाल अहमेद साह, टुटलका को-फाउण्डर सिक्सिड भट्ट सँगै प्रोप्रटि ३६० डिग्रिका सञ्चालक सन्तोष प्रधानले टिप्पणी गर्नु भएको थियो भने क्लियर भिजनकी प्रकृति भट्टराई बस्नेत मोडरेटर बन्नुभएको थियो ।

साथै अरबान्स् नेपालले नेपालमै बसेर केही गर्न खोज्ने युवाहरुलाई लक्षित गरेर नेपालीले नेपालकै लागी गर्छु भन्ने नारा लिएको युट्यूवमा क्याम्पेन गर्न लागेको जानकारी पनि उक्त अवसरमा दिइयो ।

Green Hut Lounge
&
Cafe with Banquet

तपाईहरुको सेवामा सधैं समर्पित छ ।

स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ ।
स्थानः चण्डोल चोक, काठमाडौं

सम्पर्क नम्बरः०१-४४३४११३

# मुक्तिनाथ र टेस्ला डाएग्नोस्टिकबीच सहकार्य

मुक्तिनाथ विकास बैंक लि र टेस्ला डाएग्नोस्टिक क्लिनिक, वालुवाटारबीच बैंकका ग्राहकहरुलाई क्लिनिकको तोकिएका शुल्कमा विशेष छुट दिने सम्बन्धी समभ्रदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पत्रमा टेस्ला डाएग्नोस्टिक क्लिनिककातर्फबाट प्रमुख कार्यकारी अधिकृत रिन्कु श्रेष्ठ तथा मुक्तिनाथ विकास



बैंक लि.का तर्फबाट सहायक नायव प्रमुख कार्यकारी अधिकृत तिलबहादुर गुरुङ्गले हस्ताक्षर गर्नुभयो । यस सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका भिसा डेबिट कार्डवाहक ग्राहकहरूले टेस्ला डाएग्नोस्टिक क्लिनिक, वालुवाटारमा उपचार गराउँदा तोकिएका विभिन्न सेवाहरुमा १० प्रतिशतसम्म छुट पाउने व्यवस्था गरिएको छ ।

मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३४ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथा कर्जा सेवाहरु प्रदान गर्दै आई रहेको छ । साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग लगायतका सेवाहरु पनि प्रदान गर्दै आई रहेको बैंकका प्रमुख सूचना अधिकारी तिलबहादुर गुरुङ्गले बताउनु भयो ।

# एन आई सी एशिया बैंकको शाखा विस्तार

एन आई सी एशिया बैंकले ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा समेत आफ्नो सशक्त उपस्थिति जनाउँदै गाउँगाउँमा वित्तीय पहुँच तथा वित्तीय सवलीकरणको लागि शाखारहित बैंकिङ्ग सेवा प्रदान गर्ने क्रममा अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका वडा नं.७ देउरालीमा आफ्नो ४५ औं शाखारहित बैंकिङ्ग सेवा पौष ११ गतेबाट संचालनमा ल्याएको छ । बैंकले संचालनमा ल्याएको देउराली शाखारहित बैंकिङ्ग सेवाको समुद्घाटन छत्रदेव गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष शोभाखर पाण्डेज्यूको उपस्थितिमा सुसम्पन्न भयो । उक्त शाखारहित



बैंकिङ्ग सेवाको प्रतिनिधिको रुपमा कृष्ण प्रसाद पाण्डेलाई नियुक्त गरिएको छ ।

शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानीयवासीहरुले आफ्नो गाउँमै स्थानीय प्रतिनिधिमार्फत् बैंकिङ्ग सेवा लिन सक्नुहुनेछ । साथै सो सेवाबाट बैंकिङ्ग कारोबारको लागि लामो दूरीसम्म हिंड्नुपर्ने बाध्यताको अन्त्य भई ग्रामीण र दुर्गम क्षेत्रहरुमा बैंकिङ्ग कारोबार गर्न सहज हुने विश्वास बैंकले लिएको छ । यस्तो सेवाबाट स्थानीयबासीहरुले निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, मोबाइल रिचार्ज गर्ने, उपयोगी सेवा जस्तै टेलिफोन, मोबाइल, एडिएसएल, डिस होम आदिको महसुल भुक्तानी गर्ने, स्वीकृत सीमाभित्र रही कर्जा कारोबार गर्ने, कर्जाको साँवा तथा ब्याज भुक्तानी गर्ने, खातामा रहेको रकमको जानकारी र संक्षिप्त बैंक स्टेटमेन्ट प्राप्त गर्न सकिनेछ ।

बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३१३ शाखा कार्यालयहरु, ४०६ एटिएम, ९८ वटा एक्स्टेन्सन काउण्टर एवं ४५ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ ।

करिब २० लाख ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि बैंक तथा वित्तीय संस्थाहरुको न्यून उपस्थिति रहेका मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान लगायतका दुर्गम जिल्लाहरु तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेका ३४ भन्दा बढी स्थानीय निकाय हरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइ रहेको छ ।

## जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

**अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।**

**जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।**

# कामना सेवाको ६ वटा एकैसाथ नयाँ शाखा थप

काठमाडौं कामना सेवाविकास बैंक लिमिटेडले आफ्नो सेवा विस्तार गर्ने क्रममा गत हप्ता मात्र प्रदेश नं.३ अन्तर्गत काठमाडौं जिल्लाको चपली, कुलेश्वर, बालाजु र बौद्ध साथै प्रदेश नं. ५ अन्तर्गत रुपन्देही जिल्लाको कञ्चन गाउं पालिका स्थित गरगरे र सियारी गाउं पालिकाको पडसरीमा गरी कुल ६




वटा नयाँशाखा सञ्चालनमा ल्याएको छ ।

यस बैंकले व्यवसाय विस्तारको क्रममा नवीनतम प्रोडक्टहरु तथा वृहत शाखा सञ्जाल मार्फत आफ्ना ग्राहकहरुलाई समय सापेक्ष अझै उच्च स्तरको बैंकिङ्ग सेवा सुविधाहरु उपलब्ध गराउँदै जाने समेत जानकारी दिइएको छ ।

काठमाडौं-३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा ११४ वटा शाखा तथा ६० वटा ATM मार्फत ग्राहकहरुलाई आफनो सेवाहरु प्रदानगर्दै आएको छ । साथै बैंकले ABBS, SMS Banking, Mobile Banking, C-ASBA लगायतका माध्यमबाट समेत सम्पूर्ण बैंकिङ्ग सेवाहरु उपलब्ध गराउँदै आएको तथा समय सापेक्ष आफ्ना सेवाहरु थ्प गर्दै जाने बैंकको योजना रहेको जनाएको छ ।

# माछापुच्छे बैंकले दुबईबाट १ अर्ब ल्याउने

काठमाडौं । माछापुच्छे बैंकले नेपालको बैंकिङ प्रणालीमा देखिएको लगानी योग्य पुँजी (तरलता) अभावको समस्यालाई मध्यनजर गर्दै दुवईस्थित माश्रिक बैंकबाट १० मिलियन अमेरिकी डलर अर्थात १ अर्व भन्दा बढि पैसा नेपाल ल्याउने भएको छ ।



दुवईस्थित माश्रिक बैंकबाट नेपालमा रकम भित्रर्याउने सम्बन्धि सम्झौता पत्रमा माछापुच्छे बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुमन शर्मा तथा माश्रिक बैंकको तर्फबाट नेपालका लागि प्रमुख देशिय प्रतिनिधि हेमा अधिकारीले हस्ताक्षर गरेका छन् ।

१० मिलियन अमेरिकी डलर अर्थात १ अर्व भन्दा बढि पैसा नेपाल ल्याउनको लागि नेपाल राष्ट्र बैंकमा समेत स्वीकृतीको लागि निवेदन पेश गरिएकोले नेपाल राष्ट्र बैंकको स्वीकृती लगत्तै बैंकले उक्त रकम नेपाल भित्रर्याउने छ । नेपाल राष्ट्र बैंकले कुल प्राथमिक पूँजीको शतप्रतिशत रकम विदेशबाट ऋण ल्याएर नेपालमा लगानी गर्न पाइने व्यवस्था गरेको छ । यही व्यवस्था अनुसार माछापुच्छे बैंकले विदेशबाट पैसा ल्याउने प्रकृया थालेको थियो ।

माछापुच्छे बैंकले दुवईस्थित माश्रिक बैंकबाट लिन लागेको उक्त रकम कृषि, ऊर्जा, पर्यटन, साना तथा मझौला व्यवसाय लगायतका अन्य विभिन्न प्राथमिकताका क्षेत्रमा लगानी गर्ने बैंकले जानकारी दिएको छ ।

## हार्दिक शुभकामना

**नेपाल भ्रमण वर्ष २०२० को शुभ अवसरमा नारायणगढमा हुन गइरहेको विशाल महायज्ञको पुर्ण सफलताको शूभकामना ब्यक्त गर्दछु ।**

ध्रुव कुमार श्रेष्ठ

**हरिदास बाबा स:मिल**

युनिक कलोनी भरतपुर, चितवन

## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

*आकर्षणहरु*

१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,
२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने
३. पार्कमा पिकनिकको व्यवस्था भएको,
४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।

# बैकिङ्ग संसार

## बाग्लुंगमा प्रभु बैंक लि. को काउण्टर सञ्चालनमा

प्रभु बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा बाग्लुङ्ग जिल्लाको बाग्लुङ्ग नगरपालिकास्थित वडा नं ३ जिल्ला प्रशासन कार्यालयमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । बाग्लुङ्गस्थित जिल्ला प्रशासन कार्यलयमा स्थापित




एक्स्टेन्सन काउण्टरको मिति २०७६ पौष ०९ गते बाग्लुङ्गका प्रमुख जिल्ला अधिकृत लुक बहादुर क्षेत्रीले समुद्घाट्न गर्नुभएको थियो

नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरुको बैंकिङ्ग कारोबार प्रभावकारी रुपमा सञ्चालन गरिरहेको प्रभु बैंकले जिल्ला प्रशासन कार्यलयमा पनि आफ्नो सेवा विस्तार गर्न सफल भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीहरुलाई रकम जम्मा गर्न र जिल्ला प्रशासन कार्यलयको काम गर्न सहज र सरल हुने भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट प्रवाह गरिने बैंकिङ्ग सेवाबाट स्थानीयबासी तथा सेवाग्राहीहरुले प्रभु बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने बैंकले विश्वास लिएको छ ।

प्रभु बैंकले २०२ वटा शाखा कार्यालय, १५२ वटा ३९ वटा एक्स्टेन्सन काउण्टर तथा १९ वटा शाखा रहित बैंकिङ्ग सेवा मार्फत् अत्याधुनिक प्रविधियुक्त गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाह गरिरहेको छ ।

## ललितपुरमा खुल्यो थ्री डी आर्ट रेष्टुरेन्ट

ललितपुर । नेपालमै पहिलो पटक स्थापना भएको थ्री डी आर्ट रेष्टुरेन्ट वान डे थ्री डी आर्ट रेष्टुरेन्ट सञ्चालनमा आएको छ । पौष ४ गते शुक्रबार प्रमुख अतिथि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का प्रभावशाली युवा नेता एवम् प्रतिनिधिसभा सदस्य महेश बस्नेत र विशिष्ठ अतिथि वरिष्ठ गायकद्धय रामकृष्ण ढकाल र धिरज राईंले ललितपुरको कुमारी पाटीमा स्थापना भएको वान डे थ्री डी आर्ट रेष्टुरेन्टको औपचारिक उद्घाटन गरेका हुन् ।

उद्घाटन कार्यक्रममा नायिका निता ढुंगाना, चलचित्र निर्देशक अमरदिप सापकोटा, चलचित्र सम्पादक तथा निर्देशक शक्ति प्रज्वल घिमिरे, निर्देशक प्रविण थापा, कलाकारहरु नविन लम्साल, विष्णु सापकोटा, व्यवसायी उज्जलजंग शाहलगायत सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

पछिल्लो समय मानिसहरु स्वादिष्ट भोजनका साथसाथै उपर्युक्त वातावरणको पनि खोजीमा हुन्छन् । त्यसैले अहिले अधिकांश व्यक्तिहरुले खाना मात्र नभई खाना खाने ठाउँको वातावरणलाई पहिलो प्राथमिकतामा राख्ने गरेको पाइन्छ । यहि आवश्यकतालाई मध्यनजर गरी ललितपुरको कुमारीपाटीमा नेपालमै पहिलो पटक वान डे थ्री डी आर्ट रेष्टुरेन्ट सञ्चालनमा ल्याइएको सञ्चालक सुन्दर विष्टको भनाई छ । सरकारले सन् २०२० लाई भ्रमण वर्ष घोषणा गरेको अवस्थामा रेष्टुरेन्टमा कोरिएका नेपालका पर्यटकीय स्थल र धर्म, संस्कृति र मौलिक परम्परागत चित्रकलाले पर्यटकहरुको मन लोभ्याउने विष्टको दावी छ । उनले भने(‘अहिले मानिसहरु सुन्दर सँगसँगै शान्त वातावरणमा रमाउँदै खानाको स्वाद लिन चाहन्छन् । त्यसका लागि पनि रेष्टुरेन्टले प्रकृतिकरु रुपमै नयाँ स्थानमा गएको आभाष हुने खालका थ्री डी आर्ट गरेकाले वान डे आन्तरिक तथा वाह्य पर्यटकहरुका लागि नयाँ गन्तव्य बन्न सक्छ ।’उपत्यकामा राम्रो भन्दा पनि राम्रो होटल तथा रेष्टुरेन्टहरु सञ्चालनमा आइरहेका बेला उपत्यकाभित्रै पर्ने कुमारीपाटीमा भने फरक खालको नयाँ रेष्टुरेन्ट सञ्चालनमा आएको हो । खानाका पराखीहरुलाई त्यहाँको वातावरणले पनि असर गर्ने भएकाले आर्ट रेष्टुरेन्टको स्थापना गरेको विष्टको बताउँछन् ।

नेपालकै पहिलो थ्री डी आर्ट रेष्टुरेन्ट ‘वान डे थ्री डी आर्ट रेष्टुरेन्ट’ ले स्वादमा मौलिकता र फरकपना मात्र प्रदान गरेको छैन, त्यहाँको वातावरणलाई नै फरक बनाएको छ । वानडे मा गरिएको आर्ट (चित्रकला) नै त्यहाँको मुख्य आकर्षण हो । विष्ट भन्छन्(‘थ्री डी पेन्टिङ नै हाम्रो आकर्षण हो । चित्रलाई जस्ताको त्यस्तै उतारिएका कारण यो आर्ट हो कि साँच्चिकै हो भनेर पाहिले पटक जो कोहि पनि झुक्किनु हुन्छ ।’ रेष्टुरेन्टका भित्ताहरूमा नेपाली परम्परा झल्काउने थ्री डी आर्ट गरिएका छन् । वान डे मा गएर खाना खाने जो कोहीलाई पनि नयाँ संसारमा पुगेको अभाष हुने सञ्चालक विष्ट दावी गर्छन् । वान डेले आम मानिसहरुको आवश्यकतालाई मध्य नजर गर्दै विभिन्न प्रकारका आर्ट गरेको छ । वान डेमा रहेका नेचर, एक्युरियम, म्युजिक, घोष्ट, स्पेस, पिस र चिल्ड्रेन रुम यसका आकर्षण र उदाहरण हुन् । यि सबै कोठाहरुको आ(आफ्नै विशेषता बोकेका छन् ।

नेचर रुममा कलात्मक रुपमा बनाइएको चराचुरुङ्गीका तस्विरले त्यहाँ बस्ने ग्राहकहरुलाई प्राकृतिक रुपमै नौलो स्थानमा पुऱ्याउँछ भने एक्युरियम रुपमा बस्ने जो कोहीले पनि समुन्द्र मुनी बसेर खाना खाइरहेको अनुभव लिन सक्नेछन् । त्यस्तै घोष्ट रुम डरलाग्दो छ भने म्युकिक रुपमा बसेर खाना खाँदा म्युजिकबाट छुट्टै आनन्द लिन पाइन्छ । विष्ट भन्छन्(‘स्पेस रुमको त झन कुरै नगरौं, त्यहाँ त आफू कुनै स्पेसभित्र नै छौ जस्तो भान हुन्छ ।’ पीस र चिल्ड्रेन रुपमा भने त्यहाँ भित्र गरिएका कलात्मक आर्टले नै जो कोहीको मन लोभ्याउन सक्छ । यी सबै कोठाहरुमा फरक(फरक किसिमका आर्टहरु गरिएका छन् । त्यसो त वान डेले संस्कृतविद् सत्यमोहन जोशी, विश्व साइकलिष्ट पुष्कर शाह, स्वर सम्राट नारायण गोपालजस्ता व्यक्तित्वहरुलाई पनि भुलेको छैन । वान डेले तेस्रो तलामा रहेको हलमा संस्कृतविद् जोशी र विश्व साइकलिष्ट शाहको तस्विर बनाएको छ भने म्युजिक रुपमा स्वर सम्राट नारायण गोपालको तस्विर बनाएको छ ।

# रबिन्द्रनाथ कार्की स्मृति प्रतिष्ठानले गर्‍यो १३५ जनालाई सम्मान

काठमाडौं, रबिन्द्र नाथ कार्की स्मृति प्रतिष्ठानले १३५ जनालाइ सम्मान गरेको छ । प्रतिष्ठानका अध्यक्ष गंगा कार्कीको सभापतित्वमा र नेकपाका केन्द्रीय सदस्य गंगा कार्की 'विश्व' को प्रमुख आतिथ्यतामा ज्येष्ठ नागरिकहरुलाइ दोशल्ला ओडाइ सम्मान गरेको छ । त्यसैगरी कार्यक्रमका बिशेष अतिथिहरु दोलखा जिल्लाका पुर्ब जिविस उपसभापति तथा नेकपा नेता शिव प्रसाद भण्डारी, माथिल्लो तामाकोशी जलबिधुत आयोजना जनसरोकार समितिका संयोजक तथा सामाजिक अभियन्ता दिब्यध्वज कार्की, अतिथिहरु नेपाली काङ्ग्रेस शैलुङ गाउँपालिका समिती सभापति दावा लामा, नेकपा दोलखाका नेता ईश्वर न्यौपाने, मिडिया मिसन नेपालका अध्यक्ष तथा प्रधान सम्पादक टेकनाथ न्यौपाने वडा नं ५ का वडा अध्यक्ष किरण बस्नेत, दिल कुमार तामाङ, चित्र बाहादुर कार्की, कुमार क्षेत्री, वीरेद्र माविका प्रा।अ। खेमराज भट्टराइ लगायतका अतिथिहरुको उपस्थितीमा कार्यक्रम सम्मपन्न भएको थियो ।

यहि ७ गते दोलखाको शैलुङग गाउँपालिका वडा ना। ५ भित्रका ज्येष्ठ नागरिकहरुलाइ स्वर्गीय रबिनद्रनाथ कार्कीको स्मृतिको अवसर पारेर सम्मान गरेको हो ।

२०२८ सालमा दोलखा जिल्लाको काटाकुटिमा जन्मनु भई २०४९ साल पौष ७ गते काठकाडौंमा सडक दुर्घटनामा परि मृत्यु हुनुभएका स्व कार्कीको पुण्य तिथीको अवसर पारेर आयोजित उक्त कार्यक्रममा शैलुङ गाउँपालिका वडा नं ५ का १३५ जना जेष्ठ नागरिक तथा एकल महिलाहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

प्रतिष्ठानले दोलखा जिल्लाको शैलुङ गाउँपालिका वडा नं ५ काटाकुटिमा आयोजित स्व कार्कीको स्मृति दिवसमा आयोजित सम्मान कार्यक्रममा गत कार्तिक १७ गते सिन्धुपाल्चोकको सुकुटेस्थित सुनकोशी नदीमा भएको बस दुर्घटनामा परि घाईते भएकाहरुलाई तत्कालै घटनास्थलमा पुगि डुङ्गाबाट सकुसल उद्धार गर्ने साहसिक र्‍यापफ्टिङ्ग गाइड सोनाम लामालाई नगद रु १०,१०१ र ९ सम्मानपत्र सहित सम्मान गरिएको थियो ।

यसैगरी बिकट दुर्गमका सुत्केरी बेथा लागि सुत्केरी हुन नसकेका महिलाहरुलाई आफ्नै खर्चमा हेलिकप्टर चार्टरगरी उद्धार गरेर १० जनाको ज्यान बचाई सक्नु भएका घर आँगन नेपालका अध्यक्ष दिपक सिलवाललाई पनि सम्मान गरिएको थियो ।यस्तै सुकुटेस्थित सुनकोशी नदीमा भएको बस दुर्घटनामा परि घाईते भएकाहरुलाई तत्कालै घटनास्थलमा पुगि आपतकालिन स्वास्थ्य सेवा पुयाउने सिन्धु सदाबहार सामुदायिक अस्पतालका स्वास्थ्य कार्यकर्ता विकास कार्कीलाई समेत सम्मान गरिएको थियो ।

स्व कार्कीको स्मृति दिबस तथा जेष्ठ नागरिक सम्मान कार्यक्रममा त्यस कार्यक्रमका प्रमुख अतिथि समेत रहनुभएका गंगा कार्की 'विश्व'ले समाजमा इमानदारिता, हराउदै गएको अवस्थामा प्रतिष्ठानले यो कार्यक्रम आयोजना गरी ज्येष्ठ नागरिकको सम्मान गरेकोमा राजनीतिक दलका नेताहरुले यसवाट पाठ सिक्नुपर्ने धारणा राख्नुभएको थियो भने अन्य वक्ताहरुले प्रतिष्ठानबाट गरिएका यस्ता सामाजिक कार्य अनुकरणीय भएको हुनाले सबैले सिक्नु पर्ने बताउनु भयो । स्व कार्कीले सानै उमेरमा राजनीति तथा गीत संगीतको माध्यमबाट सामाजिक जनचेतना जगाउन सक्रिय रहेर जिल्लामा पुर्या उनु भएको योगादानको अधिकांश वक्ताहरुले चर्चा गर्नुभएको थियो ।

मेख बहादुर कार्की तथा बालकुमारी कार्कीका जेष्ठ सन्तान स्व रबिन्द्र नाथ कार्कीको सम्भनालाई चिरस्थायी बनाउने र समाज सेवा गर्ने उद्देश्यले गठित रबिन्द्र नाथ कार्की स्मृति प्रतिष्ठानका अध्यक्ष गंगा कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्व कार्कीलगायत सुकुटे बस दुर्घटनामा परि मृत्यु भएकाहरुको सम्भनामा श्रद्धाञ्जली व्यक्त गदै मौन धारण गरिएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य रामकृष्ण ढुङगेलले, सञ्चालन नारायण कार्कीले धन्यवाद ज्ञापन गोविन्द क्षेत्रीले गर्नुभएको थियो प्रतिष्ठानको बारेमा स्वर्गीय रबिन्द्र नाथ कार्कीका कान्छा भाइ हरिहर कार्कीले प्रकाश पारेका थिए ।







# शहीद स्मारक लिग : अपराजित रहँदै मनाङ शीर्ष स्थानमा

खेलकुद

शहीद स्मारक ए डिभिजन लिगको तेस्रो चरणका खेल सकिँदासम्म मनाङ मर्स्याङ्दी क्लब शीर्ष स्थानमा छ । तीन खेलमा शतप्रतिशत नतिजा निकाल्दै मनाङ नौ अङ्कका साथ शीर्ष स्थानमा उक्लिएको हो । दुई खेलमा जीत र एक खेलमा बराबरी खेलेको थ्रीस्टार सात अङ्कसहित लिगको दोस्रो स्थानमा छ । दुई खेलमा जीत र एकमा बराबरी खेल्दै छ अङ्कका साथ मच्छिन्द्र क्लब भने तेस्रो स्थानमा छ । यस्तै दुई खेलमा जीत तथा एकमा हार बेहोरेको त्रिभुवन आर्मी क्लब छ अङ्कसहित लिगको चौथो स्थानमा छ । जावलाखेल युथ क्लब एकमा जीत दुईमा बराबरी खेल्दै पाँच अङ्कका साथ पाँचौं स्थानमा, न्युरोड टिम दुई खेलमा जीत र एकमा पराजित हुँदै चार अङ्कका साथ छैटौं स्थानमा छ ।

नेपाल पुलिस क्लब एउटामा जीत एउटामा हार तथा एउटामा बराबरी खेल्दै चार अङ्क जोडेर सातौं स्थानमा तथा च्यासल युथ क्लब एक खेलमा जीत, एकमा हार र एउटामा बराबरी खेल्दै चार अङ्कसहित आठौं स्थानमा छ । उनीहरु समान अङ्क भए पनि गोल अन्तरका आधारमा सातौं र आठौं भएका हुन् । सङ्गटा क्लब एउटा खेलमा जीत, एकमा हार तथा एउटामा बराबरी खेल्दै चार अङ्का साथ नवौं स्थानमा छ ।

ब्रिगेड ब्वाइज क्लब एउटामा जीत दुई खेलमा हार बेहोर्दै तीन अङ्कसहित लिगको दशौं स्थानमा तथा हिमालयन शेर्पा क्लब एक खेलमा हार दुईमा बराबरी खेलेर दुई अङ्का साथ ११औं स्थानमा तथा सशस्त्र प्रहरी बलको एपीएफ क्लब दुई खेलमा हार र एकमा बराबरी खेल्दै दुई अङ्कसहित १२औं स्थानमा छ । लिगको तेस्रो चरणको सबै खेलमा पराजित रहेका फेन्डस् क्लब र सरस्वती युथ क्लब अङ्कविहीन अवस्थामा छन् ।

शहीद स्मारक ए डिभिजन लिगअन्तर्गत चौथो चरणका खेल सोमबारदेखि शुरु भएको छ । चौथो चरणका सबै खेल सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) कम्प्लेक्सको खेल मैदानमा खेलाइने छ । दशरथ रङ्गशालमा नेपाल भ्रमण वर्ष २०२० को उद्घाटन कार्यक्रम हुने भएकाले चौथो चरणका सबै खेल सातदोबाटोमा खेलाउनु परेको एन्फाले जनाएको छ । सातदोबाटोमा सोमबार न्युरोड टिम र मच्छिन्द्र क्लबबीच तथा मनाङ मर्स्याङ्दी क्लब र फ्रेण्ड्स क्लबबीच खेल भएको छ ।

# सामाजिक सञ्जालहरुवाट हुने डिप्रेशन बाट बचौं

स्वास्थ्य

***- सुरेश कुमार अधिकारी***

हामीले प्रयोग गर्ने सामाजिक सञ्जालहरु, मोबाईल, कम्प्यूटर, आइपट, ल्यापटप, स्मार्ट टि.भी. यि आदि उपकरणहरु सवै सामाजिक सञ्जालहरुसँग प्रत्यक्ष वा अप्रत्यक्ष जोडिएका छन् । यिनिहरुको प्रयोग समय सापेक्ष भएको पनि छ । तर कतिपय रुपमा हेर्दा चाहिने बिषय बस्तुभन्दा पृथक रुपमा साना साना नानी बाबु र स्कुलका बिद्ययर्थी भाइ बहिनी एवंम कलेजका बिद्ययार्थीहरुले आफुले पढ्ने बिषय बस्तुको सामग्री मात्र नभइ अन्यत्र काम नलाग्ने जिवन अनउपयोगि बिषय हेर्ने गरेको पाईएको छ । यि सामाजिक सञ्जालहरुमा फेसबुक, युटुब, भाइवर, म्यासेन्जर, इमो नाम गरेका सञ्जालको पछडी शिक्षाप्रद बिषय बस्तु एवं शिक्षाप्रद बिषय बस्तुहरु समेत रहने हुदा उक्त बिषय वस्तुमा तिनिहरुको ध्यान गएको छ । त्यो हेर्न जरुरी छ । खासगरी कार्टुन, सिरियल, च्याट गर्ने, अनाहकमा म्यासेज पठाउने, खाना खाने समयमा पर्पजी र फ्री फायर चलाउने पढ्न ध्यान नदिने घरको काममा त्यति ध्यान नदिने, कुनै पनि जिम्मेवारी पुरा गर्न नचाहने । यि आदी कार्यहरु खासगरी अहिलेका युवा पिडीका युवायुवती , बालबालिका एंव गृहणीहरु भएको एक सर्भेक्षणले देखाएको छ । बच्चा रोइरहेको आमाले ध्यान नदिने, बच्चा सडकमा पुगेको ध्यान नराख्ने, पाउना आउदा सम्मान दिन नचाहने , कुनै काम गर्न लगाउदा वा गर्दा झर्कने फर्कने यि आदि हुनु डिप्रेशनको पूर्व अभ्याश हो । तसर्थ फुर्सदको समय काम बिशेष बाहेकको समयमा वा आवाश्यक पर्दा सामाजिक सञ्जालहरुको सदुपयोग कतिखेर गर्ने भन्ने बारेमा बुझेर काम गरौं । आफुलाई डिप्रेशन हुनवाट जोगाऔं । अन्यथा अवको १० बर्षमा हरेक घरमा २ जना डिप्रेशन भएका मानिस रहने छन् । तिनिहरुको कारणवाट अरु पनि डिप्रेशनमा नपरुण । यसका लागि सरकारले पनि एउटा नीति बनाएर के कति सञ्जालको कुन कुन कसरी प्रयोग गर्ने भन्ने बारेमा शैक्षिक कोर्षको रुपमा शुरु कक्षा देखि नै राख्न जरुरी छ । यसका लागि अविभावकहरुलाई पनि सचेतना मूलक तालिम एवं शैक्षिक तालिम दिन बेश होला भन्ने सोच राख्नु पर्दछ ।

## डिभिजन बन कार्यालय चितवनको अनुरोध

- **गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं ।**
- **कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं ।**
- **बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुर्‍याउन सक्छ ।**
- **यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं ।**
- **कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं ।**
- **बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुर्‍याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६- ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं ।**

# रामेछाप डायरी

## रामेछाप नगरपालिकाको सार्वजनिक सुनुवाई सक्यो

रामेछाप जिल्लाको रामेछाप नगरपालिकाले चालु आर्थिक वर्ष २०७६,७७ को पहिलो चौमासिक अवधिमा प्रवाह भएको सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम गत शुक्रबार सम्पन्न भएको छ । रामेछाप नगरपालिकाले चालु आर्थिक वर्ष २०७६,७७ को पहिलो चौमासिक सम्म विकास बजेटको जम्मा २० प्रतिशत रकम खर्च भएको जनाएको छ । नगरपालिकाले सन्चालन गरेको ६ सय वटा योजनाहरुमा ४ सय वटा योजनाहरु सम्झौता गरि सकिएको प्रमुख प्रशासकिय अधिकृत दिपेन्द्र पौडेलले बताउनुभयो ।

नगरको विकास द्रुत गतिमा अघि बढिरहेका छ नगर प्रमुख मगर

रामेछाप नगरपालिकाका नगर प्रमुख नर बहादुर थापामगर नगरको विकास रणनीतिक योजना अनुसार अगाडी बढेको बताउनुभएको छ । चालु आर्थिक वर्षको पहिलो चौमासिकमा नगर विकासको लागि प्रवाह भएका विकास निर्माणका योजना लगायतका विषयमा गरिएको सार्वजनिक सुनुवाईमा बोल्दै नगर प्रमुख थापामगरले नगरका ९ ओटै वडाको आवश्यकताको आधारमा रणनीतिक योजना तयार भएको र त्यही रणनीतिक योजनामा रहेर काम गरीरहेको बताउनुभएको हो ।

त्यस्तै नगर प्रमुख थापामगरले ९ ओटै वडालाई अघिल्लो आर्थिक वर्ष देखि नै वडाको विषेशताको आधरमा पकेट क्षेत्र घोषणा गरेर काम भइरहेको समेत बताउनुभयो । त्यसैगरी सडक सञ्जाल नजोडिएका गाउँ-गाउँमा सडक पुर्याउने योजना पनि नगरपालिकाको रहेको उहाँको भनाई रहेको छ । त्यस्तै धेरै समय अघि देखि चर्चामा रहेको साँघुटार-रामेछाप-सेलेघाट सडक कालापत्रेको काम यस वर्ष देखिनै अगाडि बढ्ने तयारीमा रहेको र केही कारणले काम नभए नगरले नै त्यो सडकलाई स्तोउन्नती गर्ने तयारी रहेको समेत नगर प्रमुख थापा मगरको भनाई थियो ।

असारमा हुने विकासलाई त्याग्नु पर्छ उपप्रमुख खड्का

रामेछाप नगरपालिकाकी उपप्रमुख सृजना खड्काले असारमा हुने विकासलाई त्याग्न सके मात्र समृद्ध नगर बन्ने दावी गर्नु भएको छ । विगतका वर्षहरुमा असारमा आएर योजना सम्झौता गरी काम गर्दा गुणस्तरिय काम समेत हुन नसकेको भन्दै यस वर्ष देखि सबै वडाले चैत्र भित्र नै योजना सम्झौता गरेर काम गर्नु पर्नेमा जोड दिनुभयो । सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित नागरीकहरुले शिक्षा , स्वास्थ्य , खानेपानी , सडक , कृषि लगायतको बारमा प्रश्न राखेका थिए । नगर प्रमुखको अध्यक्षतामा भएको कार्यक्रममा नागरिकले राखेका प्रश्नको जवाफ वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, उपप्रमुख र नगर प्रमुखले दिएका थिए । रामेछाप नगरपालिकाको आयोजना तथा सान नेपाल रामेछापको सहजीकरणमा भएको कार्यक्रममा नेकपा रामेछाप नगरपालिकाका नगर अध्यक्ष मोतिलाल तामाङ र नेपाली काग्रेर रामेछाप नगरपालिकाका नगर सभापति कमलविक्रम कार्कीले आ-आफ्नो धारणा राखेका थिए ।

## नेकपा दोरम्बा गाउँपालिकाको कार्य समिति

रामेछाप । नेपाल कम्युनिष्ट पार्टी दोरम्बा गाउँपालिकाको कमिटीले पूर्णता पाएको छ । पार्टी एकीकरण भएको डेढ बर्षपछि नेकपा दोरम्बा गाउँकमिटीले पूर्णता पाएको हो । दोरम्बा गाउँपालिकाका अध्यक्ष हिराबहादुर श्रेष्ठ, सचिव कुमार कँडेलसहितका ७५ जना गाउँ कमिटीका सदस्यहरुले थामचौरस्थित गाउँपालिकाको भवनमा शनिवार शपथ लिएका छन् । नवगठित गाउँ कमिटीका पदाधिकारी र सदस्यहरुलाई नेकपा रामेछाप जिल्ला इञ्चार्ज देवशकंर पौडेल, रामेछाप जिल्ला अध्यक्ष मैन कुमार मोक्तान, जिल्ला सचिव शान्ति पौडेललगायतका नेताहरुको उपस्थितिमा शपथ गराइएको छ । दोरम्बा गाउँपालिका कमिटीले नौ वटै वडाका अध्यक्ष र सचिवको पनि टुंगो लगाएको छ ।

यी हुन नेकपा दोरम्बा गाउँपालिका कमिटीका सदस्यहरु

अध्यक्ष हिरा बहादुर श्रेष्ठ (वडा न. ५), सचिव कुमार कँडेल(वडा न. ३)

७५ सदस्यीय दोरम्बा कार्यसमिति नामावली

१. कृषला घिसिङ वडा न. १, २. निमा शेर्पा वडा न. १, ३. राम तामाङ वडा न. १, ४. टलक तामाङ वडा न. १, ५. दावा शेर्पा वडा न. १, ६. जनक राना मगर वडा न. १, ७. कर्ण तामाङ, ८. रविन्द्र राना मगर, ९. आङछिरिङ लामा, १०. मेचमान योञ्जन वडा न.२, ११. खड्क बहादुर श्रेष्ठ वडा न.२, १२. नारायण श्रेष्ठ वडा न.२, १३. कर्म सिंह योञ्जन वडा न.२, १४. विर्ख बहादुर रजान मगर(उदय) वडा न.२, १५. गुणबहदुर योञ्जन वडा न.२, १६. बम बहादुर मगर वडा न.२, १७. देवेन्द्र थापा मगर वडा न.२, १८. रत्नप्रसाद कँडेल वडा न.२, १९. थिर बहादुर थापा मगर'शैलुङ' वडा न.२, २०. रेशम लामा योञ्जान वडा न.२, २१. लिला तामाङ वडा न.२, २२. बाला तामाङ वडा न.२, २३. कृष्ण कुमार कँडेल वडा न. ३, २४. प्रेम थापा मगर वडा न. ३, २५. कालिका बसेल वडा न. ३, २६. लाल बहादुर थापा मगर वडा न. ३, २७. नरध्वज थापा मगर वडा न. ३, २८. कुमार कँडेल वडा न. ३, २९. लाल बदन मगर वडा न. ३, ३०. धन बहादुर थापा मगर(साल्मे) वडा न. ३, ३१. सुभद्रा पाठक वडा न. ३, ३२. देउ बहादुर थापा मगर वडा न. ३, ३३.चन्द्र बहादुर थापा मगर वडा न. ४, ३४.रेतु मगर वडा न. ४, ३५.सूर्यलाल तामाङ वडा न. ४, ३६.गोपीलाल थापा मगर वडा न. ४, ३७. धन बहादुर नगरकोटी वडा न. ४, ३८.कुमार लामा वडा न. ४, ३९. औतार सिंह लामा, ४० हिरा बहादुर श्रेष्ठ वडा न. ५, ४१.गंगा बहादुर तामाङ वडा न. ५, ४२.मोहन तामाङ वडा न. ५, ४३.दिल बहादुर मोक्तान वडा न. ५, ४४.प्रेम श्रेष्ठ वडा न. ५, ४५.मित्र श्रेष्ठ वडा न. ५, ४६.सोम थापा मगर वडा न. ५, ४७.लाल विक्रम घिसिङ वडा न. ५, ४८. सिद्धि बहादुर थापा मगर वडा न. ५, ४९.मनमाया थापा मगर वडा न. ५, ५०. बासु कँडेल ५, ५१.बाबुलाल योञ्जन ५, ५२.भोला चौलागाइ ६, ५३.मिन प्रसाद चौलागाइ ६, ५४.प्रेम सागर लामा, ५५. खडानन्द ढुङगेल, ५६.झम्क बहादुर श्रेष्ठ, ५७.भोज बहादुर थापा मगर, ५८.ईश्वरी गौतम वडा न. ६, ५९.दान बहादुर मगर वडा न. ६ ६०. जमान सिं तामाङ वडा न. ६, ६१. चन्द्र चौलागाइ गौतम वडा न. ६, ६२. डम्बर बहादुर देवकोट ६, ६३.प्रविण मोक्तान ७, ६४.महेश थापा मगर वडा न. ७, ६५.कविन्द्र कुमार मोक्तान वडा न. ७, ६६.रविन तामाङ वडा न. ७, ६७.नर बहादुर तामाङ वडा न. ७, ६८. गुण बहादुर श्रेष्ठ वडा न. ७, ६९. धन माया थिङ वडा न. ७, ७०.अमर मोक्तान वडा न. ७, ७१.नेमा दोर्जे तामाङ वडा न. ७, ७२. ज्ञान कुमार तामाङ वडा न. ७, ७३ पुष्प थापा मगर वडा न. ७, ७४.कर्म मोक्तान वडा न. ७, ७५.जिग्मे दोर्ज लामा वडा न. ७

# एकैदिन तीन विद्यालयलाई नयाँ भवन हस्तान्तरण

काठमाडौं । काठमाडौं जिल्लामा भूकम्पले प्रभावित विद्यालयको पुनर्निर्माणले तिब्रता पाएको छ । बिहिवार एकै दिन भूकम्प प्रभावित तीन विद्यालयलाई नयाँ पुनर्निर्मित भवन हस्तान्तरण गरिएको हो । बिहिवार एकैदिन दक्षिणकाली नगरपालिकाका तीन विद्यालयले नयाँ भवन पाएका हुन् । दक्षिणकाली नगरपालिका वार्ड नम्बर ९ को कालीदेवी आधारभूत विद्यालय, वार्ड नम्बर ८ को श्रीकृष्ण मावि र वार्ड नम्बर ५ को डोल्लु आधारभूत विद्यालयलाई नयाँ भवन हस्तान्तरण गरिएको हो ।

दक्षिणकाली नगरपालिकाका नगर प्रमुख मोहन बस्नेत, उप प्रमुख बसन्ती डंगोल तामाङले र जिल्ला आयोजना कार्यान्वयन इकाई(शिक्षा)का इकाई प्रमुख अर्जुन रायमाझीले विद्यालयलाई नयाँ भवन हस्तान्तरण गरेका हुन् ।

अस्थायी टहरामा पठन-पाठन गर्दै आएका विद्यालयहरुलाई नयाँ भवन हस्तान्तरण गर्दै नगर प्रमुख मोहन बस्नेतले अब नयाँ भवनमा गुणस्तरीय शिक्षा दिन शिक्षकहरुसँग आग्रह गरे । नगरभित्रका कुल २० विद्यालय मध्ये १३ विद्यालयहरुले नयाँ पक्की भवन पाइसकेको भन्दै उनले अब नयाँ भवनको संरक्षण र त्यसमा विद्यार्थी भराउने जिम्मा नगरपालिकाले लिने प्रतिबद्धता जनाए ।

सामुदायिक विद्यालयहरु नै भौतिकरुपले सुविधा सम्पन्न भइसकेको अवस्थामा अब छोराछोरी गाडीमा चढाएर अन्तै पढ्न नपठाउन अभिभावकसँग आग्रह गर्दै नगर प्रमुख बस्नेतले गुणस्तरीय शिक्षाको जिम्मेवारी नगरले् लिने स्पष्ट पारे । सामुदायिक विद्यालयहरुमा सुविधासम्पन्न भवन, शिक्षक दरबन्दी, शिक्षकहरुसँग विभिन्न तालीम रहेको र अबको आवश्यकता गुणस्तरीय शिक्षाको मात्रै रहेको उनको भनाइ थियो । जाडो विदामा नगरले सबै शिक्षकहरुलाई तीन दिने गुणस्तरीय सिकाइ तालीम दिने उनले स्पष्ट पारे । नगरका उपप्रमुख बसन्ती डंगोल तामाङले टहरामा पठन-पाठन गर्दै आएका विद्यालयहरुले अब राम्रो भवन पाएपछि त्यसमा भवन जस्तै सुन्दर शिक्षण सिकाइ गर्न आग्रह गरिन् । अब निजी विद्यालयमा छोराछोरी नपठाउन आग्रह गर्दै उनले अभिभावकहरुसँग सामुदायिक विद्यालयको मार्केटिङ गर्न सुझाब दिइन् । जिल्ला आयोजना कार्यान्वयन इकाई(शिक्षा)काठमाडौंका इकाई प्रमुख अर्जुन रायमाझीले काठमाडौंमा भूकम्प प्रभावित विद्यालयहरुको पुनर्निर्माणले तिब्रता पाएको बताए । अब कोही पनि बालबालिका अस्थायी टहरामा पढ्न नपर्ने भन्दै रायमाझीले काठमाडौंमा केही समयमै विद्यालय पुनर्निर्माणले पूर्णता पाउने स्पष्ट पारे । नयाँ भवनमा विद्यार्थी भर्ने र गुणस्तरीय शिक्षा दिने काम विद्यालयको भएको भन्दै उनले यदि गुणस्तरीय शिक्षा दिन सक्दिन जस्तो लागे पेशा परिवर्तन गर्न शिक्षकहरुसँग आग्रह गरे । 'अब भवन छैन भनेर बहाना बनाउने छुट छैन'- रायमाझीले भने-'नयाँ भवन पाएपछि पुरानै शैलीको शिक्षण सिकाइले हुँदैन ।'

# सिजी ल्यान्डमार्कमा अत्याधुनिक मल्टि प्लेक्स सिनेप्लेक्स सञ्चालनमा

चितवन, चितवनको भरतपुर हाइट स्थित व्यापारिक कम्प्लेक्स सिजी ल्यान्डमार्कको चौथो तल्लामा रहेको सिने प्लेक्स नामबाट अत्याधुनिक सुविधा सम्पन्न मल्टिप्लेक्स (सिनेमा घर) सञ्चालनमा आएको छ । यही पुस ४ गते शुक्रबारबाट सिनेप्लेक्स सञ्चालनमा आएको हो । सिनेप्लेक्स सञ्चालक मध्येका एक कमल चौधरीले उक्त हल अत्याधुनिक सुविधा र प्रविधि सम्पन्न तथा विश्वस्तरको रहेको बताउनु भयो । 'यसले भरतपुरको सहरी मनोरञ्जनको परिभाषा पुनर्लेखन गर्नेछ, यस क्षेत्रमा नयाँ आयाम थप्नेछ,' उहाँले भन्नुभयो, 'यसले उपभोक्तालाई उच्चस्तरीय सन्तुष्टि प्रदान गर्ने हाम्रो विश्वास छ । त्यसका लागि हामी तर्फबाट भरपूर प्रयास हुनेछ ।' सञ्चालक चौधरीका अनुसार अत्याधुनिक प्रविधिमा बनेको हलमा दुईवटा स्क्रिन छन् । स्क्रिन १ मा १४३ र २ मा २१९ सिट रहेको चौधरीले जानकारी दिनुभयो । चितवनर आसपास क्षेत्रका सिनेप्रेमीलाई सिनेमा हेराइको उत्कृष्ट अनुभव दिलाउन उक्त हलमा सबैभन्दा पछिल्लो बार्को प्रोजेक्सन र थ्रीडी कम्प्याटिबल स्क्रिन लगाएको उहाँले जानकारी दिनुभयो । यो हलमा जेबिएल साउन्ड सिस्टम जडान गरिएको छ । आरामदायी सिट लगायत हलमा उपलब्ध अन्य अत्याधुनिक सुविधाले सिनेप्रेमीलाई विशिष्ट अनुभव दिलाउने सञ्चालकहरुको दाबी छ ।

**शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :**

**१. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।**

**२. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं ।**

**३.शीत-लहर चलेको बेलामा पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामै र खेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔं ।**

**४. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्त सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं ।**


**५. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# काठमाडौँ-अष्ट्रेलिया सिधा उडान हुने

काठमाडौं । नेपाल र अष्ट्रेलियाबीच सिधा हवाई उडानका लागि पहल गरिएको छ । नेपाल र अष्ट्रेलिया बीचमा गत अक्टोबर २ तारिखमा हवाई सम्झौता भएको थियो ।

अष्ट्रेलियामा एक लाख ५० हजार हाराहारी नेपाली बसोबास गर्दै आएका छन् । सिधा उडान नहुँदा उनीहरु र यहाँबाट नेपाल घुम्न जाने पर्यटक विभिन्न देशका विमानस्थलमा लामो ट्रान्जिटमा परेर आउन-जान बाध्य रहेका छन् ।



सिड्नी विमानस्थलले प्रकाशित गरेको तथ्याङ्कअनुसार यो वर्षमात्र काठमाडौंबाट सिड्नी आउने यात्रुको सङ्ख्या एक लाख २१ हजार २६० पुगिसकेको छ । सिड्नी विमानस्थलसँग सिधा उडान सम्पर्क नभएका देशको विमानस्थलहरुको सबैभन्दा ठूलो सङ्ख्या हो । अष्ट्रेलियाको नागरिक उड्डयन सेवा प्रदायक संस्था विगत १२ वर्षदेखि कार्यरत इन्जिनीयर राजु अधिकारीका अनुसार यो सङ्ख्या दैनिक सिधा उडानका लागि निकै फाइदाजनक देखिन्छ । उहाँका अनुसार सिधा हवाई सम्पर्क भएमा सिड्नीबाहेकका सहरमा जाने यात्रुहरुलाई पनि यही बाटो प्रयोग गर्ने छन् । यसले गर्दा सिधा उडान प्रभावकारी हुने गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय समिति सदस्यसमेत रहनुभएका उहाँले बताउनुभयो ।

अष्ट्रेलियन कम्पनीहरुले भारतका सहरबाट समेत हालसम्म उडान गरेको पाइँदैन । नेपाल एयरलाइन्सले काठमाडौं र सिड्नीबीच सिधा उडानका लागि सम्भाव्यता अध्ययन गरिएको जनाएको छ । सिड्नी काठमाडौंको दूरी लगभग १० हजार किलोमिटर रहेको छ । अष्ट्रेलियाका लागि नेपाली राजदूत महेशराज दाहालले सम्झौतापछिका प्राविधिक पक्षहरुका विषयमा निरन्तर छलफल भइरहेको जानकारी दिनुभयो । अगामी जनवरी ७ तारिखमा पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईको यहाँ भ्रमण हुने समयमा यहाँका उच्च अधिकारीसँग भेटघाटका लागि पहल आफूले गरिरहेको उहाँले बताउनुभयो । अष्ट्रेलियाको सिड्नी आसपासको क्षेत्रहरु क्यानवेरा, गोलवन, वागावागा, डव्वो लगायतका क्षेत्रमा बसोबास गर्ने नेपाली यसबाट लाभान्वित हुने गैरआवासीय नेपाली सङ्घ अष्ट्रेलियाका उपाध्यक्ष चुडामणि सापकोटा बताउनुहुन्छ । साथै सिधा उडानले नेपालको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पार्ने उहाँले जानकारी दिनुभयो । यसका लागि आवश्यक सहयोग गर्न गैरआवासीय नेपाली सकारात्मक रहेको उहाँले बताउनुभयो ।

# कलेजद्धारा सामाजिक क्षेत्रको बिषयमा अन्तरक्रिया

चितवन

मिलेनियम मोडल कलेज भरतपुर चितवनले गएको हप्ता एक कार्यक्रम गरी एजेन्सी मिटिङ सम्पन्न गरेको छ । खासगरी चितवनका गैर सहकारी संघ संस्थाहरु र ति संस्थाहरुले गरेका क्रियाकलापका वारेमा आफ्ना कलेजमा पढेका बिद्ययार्थी भाइबहिनीहरुका लागि जीवन उपयोगी बिषयमा प्रयोगत्मक शिक्षाका बिष्यमा जानकारी गराउने हेतुले कार्यक्रम आयोजना गरेको कलेजका प्रिन्सीपल इश्वरी प्रसाद पण्डितले बताउनु भएको थियो ।

समाजको ऐनाको रुपमा रहेको सामाजिक अभियान्ताहरुको बिचारहरु आदान प्रदान गरिएको त्यस कार्यक्रममा प्रमुख अतिथि भरतपुर माहानगरपालिकाका सामाजिक बिकाश अधिकृत तुलशी श्रेष्ठले उदघाटनको अवसरमा आफ्नो भनाइ राख्दै भन्नुभयो हामीले जानेका बिचारहरुलाइ प्रयोगत्मक रुपमा लैजान संघ संस्था एवंम सरकारी निकायहरुमा इन्टलको रुपमा लैजान सक्यौ र त्यसलाइ आत्मसात गर्दै लग्यौ भने बल्ल हाम्रो शिक्षा ब्यवहारिक हुने छ उहाले भन्नुभयो ।

त्यसैगरी बरिष्ठ अतिथि गै।सा।स। महासंघका चितवनका अध्यक्ष सुरेश कुमार अधिकारीले सरकारले गर्न नसकेको कामहरु दुरदराजमा गएर सामाजिक अभियान्त हुदै गैर नाफामुलक कार्यहरु गर्ने गरेकोले गैर सरकारी निकायहरु राज्यको तेस्रो आखा एवंम दृष्टिगोचक भएको र यसमा आवद्ध भएकाले समाजमा परिवर्तन चाहाने समाज परिवर्तकको रुपमा रहेको अभिव्यक्ति दिने क्रममा बताउनु भएको थियो ।

त्यसैगरी कार्यक्रमका अतिथि युवा समाज नेपालका खगराज ओझा, दियालो परिवारका राजगोविन्द सिल्पकार, युथ क्लब नारायणघाटका रामबाबु श्रेष्ठ लगायत बिभिन्न संघ संस्थाका करीव २५ जना अभियान्तहरु एवंम मिलिनियम मोडल कलेजका १५० जना बिद्ययार्थीहरुको सहभागिता रहेको थियो । कार्यक्रमको प्रस्तुति युवाराजले गर्नुभएको थियो स्वागत मन्तव्य प्रिन्सीपल इश्वरी प्रसाद पण्डितले गर्नुभएको थियो । भने त्यस कार्यक्रमका सभापति प्रेमहरि सुवेदीले कार्यक्रमको अध्यक्षता गर्दै कार्यक्रलाइ बिर्सजन गर्नुभएको थियो ।

# डेक नेपालले प्रतिवेदन सार्वजानिक गऱ्यो

सौरहा चितवन

एक सामुहिक कार्यकमका बीच डेभलपमेन्ट एक्सचेन्ज सेन्टर नेपाल ( डेक नेपाल ) ले आ.व. २०७५/२०७६ को सामाजिक परिक्षण कार्यकम अर्न्तगत प्रारारम्भिक प्रतिवेदन सार्वजानिक गरेको छ । खासगरी सिमाकृत बिपन्न वर्ग र चेपाङ बस्तीमा गरिएको महिला स सक्तिकरण कार्यकम अर्न्तगत आयमुलक कार्यकम , तालिम आदी बिषयमा मकानपुर, धादिङग र चितवनमा बिगतका केहि बर्षदेखि काम गर्दै आएकोले ति क्षेत्रका कार्य प्रगतिका बारेमा सर्बेक्षण, मुल्याङकनका साथसाथै प्रतिवेदन प्रस्तुतिकरण समेत सार्वजानिक गरिएको थियो ।

कार्यकमको प्रमुख अतिथि मनहरी गापा वडा न. ४ का अध्यक्ष धुब्र खड्का हुनुहुन्थ्यो भने बिशेष अतिथिहरुमा गै. स. स. महासंघका जिल्ला शाखा चितवनका अध्यक्ष सुरेश कुमार अधिकारी गै.स.स. महासंघका मकानपुरका उपाध्यक्ष रमिला सापकोटा लगायत सवम्बन्धित कार्यक्षेत्रका वडा सदस्य, संयोजक, लब्द प्रतिष्ठित ब्याक्तित्वहरु, चेपाङ समूहका अध्यक्ष, सचीव लगायत अन्य क्षेत्रका कर्मचारी एवं समितिका ब्याक्तिहरु गरी करिब ३० जनाको सहभागितामा प्रतिवेदन सार्वजानिकीकरणको प्रस्तुति सामाजिक बिज्ञ गणेश लामाले गर्नुभएको थियो । भने उक्त कार्यकमको अध्यक्षता संस्थाको अध्यक्ष श्रीमति सिखा श्रेष्ठले गर्नुभएको थियो । कार्यकमको सञ्चालन संस्थाको कार्यकम प्रमुख जनक कार्कीले गर्नुभएको थियो ।

# अन्तराष्ट्रिय समाचार

## लिवियाली सर्वसाधारणको रक्षाका लागि आग्रह

संयुक्त राष्ट्रसंघको शरणार्थीसम्वन्धी उच्च आयोग (यूएनएचसीआर) ले आइतबार लिबियामा सैन्य द्वन्द्वका कारण निम्तिएको खतराबाट सर्वसाधारणको रक्षाका लागि आग्रह गरेको छ । लिवियाली नागरिक तथा आप्रबासी शरणार्थीलाई हिरासतमा दुर्व्यवहार भएको र आयोगको यस तथ्यप्रति ध्यानाकर्षण भएको जनाउँदै अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकारको सम्मान गर्न अनुरोध गर्छ, आयोगले एक विज्ञप्तिमा भनेको छ । यूएनएचसीआर त्रिपोलीदेखि ४५ किलोमिटर टाढा जाविया सहरमा रहेको आन्तरिक शरणार्थी शिविरमा हालै भएका हवाई आक्रमणप्रति पनि चासो व्यक्त गरेको छ । द्वन्द्व प्रभावित क्षेत्रबाट भागेर शरण लिन पुगेका लिवियाली नागरिकलाई पक्राउ गरिएका सबै जनालाई कानूनसम्मत तरिकाले रिहा गर्नसमेत यूएनएचसीआरले आग्रह गरेको छ । राष्ट्रसंघीय उक्त संस्थाले आवश्यकता अनुसार शहरी क्षेत्रमा रिहाईका लागि सहयोग गर्न आफू तयार रहेको जनाएको छ । यूएनएचसीआरले लिबियामा पछिल्लो समय सर्वसाधारणको सुरक्षामाथि चुनौती खडा भएको र निर्दोष व्यक्तिहरू पनि पक्राउ परेका वा मारिएका भन्दै मानवीय सुरक्षामा संवेदनशील बन्न सरकारलाई आग्रह गरेको हो । लिवियामा सामुद्रिक क्षेत्रबाट पक्राउ गरिएका आप्रबासीहरू समेतलाई राखिएकोले लिवियाली शिविरहरूमा क्षमताभन्दा बढी भीड रहेको छ ।

## यूक्रेन र रूस विद्रोहीबीच कैदी आदानप्रदान

यूक्रेन र रूस पक्षधर डोनेट्स्क र लुहान्स्क विद्रोहीबीच आइतबार कैदीको आदान प्रदान भएको छ । यूक्रेनबाट स्वतन्त्र भएको घोषणा गर्दै केही समय पहिले पृथक भएका डोनेट्स्क र लुहान्स्क विद्रोहीबीच फ्रान्सको राजधानी पेरिसमा भएको उच्च स्तरीय वार्ताको आधारमा कैदी आदानप्रदान भएको हो । यूक्रेन र पृथकतावादी समूहबीच आपसीरूपमा करिब २०० कैदीको आदानप्रदान भएको हो, यूक्रेनी राष्ट्रपतिको कार्यालयको फेसबुकमार्फत् जारी विज्ञप्तिमा भनिएको छ । उक्त अवसरमा यूक्रेनतर्फका ७६ जना कैदी फिर्ता गरिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । त्यस्तै विद्रोहीले आफ्ना नेता, कार्यकर्ता र लडाकू गरी जम्मा १२४ जनालाई फिर्ता पाएको जनाएका छन् । यूक्रेनी अधिकारीहरूले डोनेट्स्क क्षेत्रमा स्वतन्त्रताको माग गर्दै सङ्घर्ष गर्दै आएका रूस पक्षधर विद्रोहीसँग आइतबार दर्जनौं कैदीहरू आदानप्रदान गर्ने कुरा शनिबार सार्वजनिक गरिएको थियो । पेरिसमा भएको उच्च स्तरीय शान्तिवार्तामा आधारित रहेर पछिल्लो कदम चालिएको यूक्रेनी राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीले बताउनुभयो । यूक्रेनको पूर्वी क्षेत्रमा डोनेट्स्क र लहान्स्कलाई यूक्रेनबाट स्वतन्त्र बनाउने लडाइ लड्दै आएका उनीहरूलाई रूसको समर्थन रहँदै आएको यूक्रेनको दावी छ । केही हप्ता पहिले रूस र यूक्रेनबीच पनि केही कैंदीको आदानप्रदान भएको थियो ।

## ५५ प्रतिशत लेबनानी गरीबीको रेखामूनि

लेबनानी कुल जनसङ्ख्याको झण्डै ५५ प्रतिशत नागरिक गरीब रहेका लेबनानबारे गहिरो अध्ययन गरेका एक जना अनुसन्धाताले बताएका लेबनानको एलबीसीआई टिभीले आइतबार जनाएको छ । लेबनानी जनसङ्ख्याको एक चौंथाइ जनसङ्ख्याले उनीहरूका लागि आवश्यक पर्ने निम्नतम खाद्यान्नको मागलाई पूरा गर्न कठिनाई पर्ने गरेको र ३० प्रतिशत नागरिकमा मात्र खाद्यान्नको अभाब नहुने तर खाद्यान्न बाहेक उपचारका लागि पनि थप खर्च नरहने गरेको छ, अन्तर्राष्ट्रिय सूचनासम्बन्धी संस्थाका अनुसन्धाता मोमम्मद चामसेद्दिनले बताउनुभयो । चाम्सेद्दिनका अनुसार २५ प्रतिशतभन्दा बढी लेबनानी वेरोजगार रहेका छन् । उहाँले भन्नुभयो, यदि सरकारले मुलुकमा गरिबी निवारणका लागि आर्थिक तथा वित्तीय बिषयमा छिटो समाधान नखोज्ने हो भने यो तथ्याङ्क बढ्ने निश्चित छ । उहाँले थप्नुभयो, विगत दुई महिनाको अवधिमा करिब १० हजार मानिसको रोजगारी गुमिसकेको छ । लेबनान अहिले गम्भीर आर्थिक तथा वित्तीयरूपमा फसेको र यसका लागि विगत ३० वर्षका सरकारको नीतिगत असफलता मान्ने गरिएको छ । सरकारले उद्योग तथा कृषिजस्ता उत्पादन क्षेत्रमा खासै गम्भीरता नदेखाउनु नै लेबनानको आर्थिक सङ्कटका मुख्य कारक मानिन्छ ।

## फिलिपिन्समा आँधीबाट ४१ को मृत्यु

फिलिपिन्समा आएको आँधीका कारण मृत्यु हुनेको संख्या बढेर ४१ पुगेको छ । चर्चित पर्यटकीय ग्रामिण क्षेत्रमा क्रिसमसकै दिनदेखि आएको आँधीका कारण आइतबारसम्म ४१ जनाको मृत्यु भएको हो । हजारौ व्यक्ति अझै पनि शरणार्थी स्थलमा रहेका जनाइएको छ । राष्ट्रिय प्रकोप व्यवस्थापन कार्यालयका प्रवक्ता मार्क तिम्बलले आँधीका कारण अझै पनि १२ जना हराईरहेको र उनीहरुको खोजी भइरहेको जानकारी दिनुभयो । प्रतिघण्टा १ सय ९५ किलोमिटरको गतिमा आँधी आएको थियो । आँधीपछि फिलिपिन्समा विद्युत सेवा, मोबाइल फोन र इन्टरनेटको नेटवर्क अवरुद्ध भएको थियो । कतिपय ठाउँमा यसका संरचनामा क्षति पुगेको अधिकरीहरुले जनाएका छन् । त्यसैगरी सडक र विमानस्थलहरुमा पनि ठूलो मात्रामा क्षति भएकाले धेरै समय उडान सेवा र यातायात सेवा रद्द गरिएको थियो । खोजी उद्धारमा संलग्न अधिकारीका अनुसार फिलिपिन्सको मध्यभागमा पर्ने भिसायासमा आँधी आएको हो । फिलिपिन्समा आँधी, भूकम्प र बाढीका कारण हरेक वर्ष सयौंको मृत्यु हुने गरेको छ । फिलिपिन्समा आएका आँधीमध्ये सबैभन्दा धेरै क्षति सन् २०१३ मा आएको आँधीले गराएको थियो ।

## उत्तर कोरियाली नेताद्धारा उच्चस्तरीय नेताहरुसँग छलफल

उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो राजनीतिक दलका उच्चस्तरीय नेताहरुसँग छलफल गर्नुभएको समाचारमा जनाइएको छ । संयुक्त राज्य अमेरिकासँगको उच्चस्तरीय आणविक वार्ता गर्ने यसअघिको सहमति बमोजिम वार्ता स्थगित गरिएको अवस्थामा उहाँले राजनीतिक दलका उच्च नेताहरुसँग गरेको यो छलफललाई अर्थपूर्ण रुपमा लिइएको पनि समाचारमा जनाइएको छ । यो वार्तामा के कस्ता विषयमा छलफल भएको छ भन्ने बारेमा व्यापक मात्रामा चासो बढेको सोलबाट प्राप्त भएको समाचारमा जनाइएको छ । उक्त बैठक शनिबारबाट शुरु भएको र आइतबार पनि जारी रहेको बताइएको छ । यस बैठकमा कतिपयले अमेरिकासँग गर्ने भनिएको यस अघिको उच्चस्तरीय आणविक वार्ताको बारेमा कुराकानी भएको अनुमान गरेका छन् । तर कतिपयले भने उक्त बैठकमा यस विषयमा नभएर अर्को आणविक परीक्षणको तयारीको बारेमा छलफल भएको पनि अनुमान गरेका छन् । उत्तर कोरियाले केही दिन अघि आणविक परीक्षण गरेको थियो ।

# सन् २०१९ लाई फर्केर हेर्दा

वर्ष सन् २०१९ मा पनि राजनीतिक घटनाक्रमहरु नै बढी चर्चामा रहे भने केही ठूला दुःखद घटनाले विश्वलाई स्तब्ध बनायो । विशेष गरेर अमेरिका र बेलायतको राजनीतिले विश्वका सञ्चार माध्यमहरु ओगटे भने अन्य देशका पनि केही घटनाहरुले स्थान पाए । सन् २०१९ का चर्चित १९ घटनालाई यहाँ छोटकरीमा स्मरण गरिएको छ ।

१. भेनेजुएलाको पक्ष विपक्षमा विश्व विभाजित

सन् २०१९ को सुरुवात भेनेजुएलाको राजनीतिक संकटबाट सुरु भएको थियो । जनवरीमा २३ मा भेनेजुएलाको राष्ट्रिय सभाका प्रमुख ३५ वर्षीय हुँवा गुएइदोले आफैंलाई अन्तरिम राष्ट्रपति घोषणा गरेपछि विश्व समुदाय विभाजित भयो । राष्ट्रपति निकोलस मदुरोलाई निर्वाचित गरेको निर्वाचन निश्पक्ष नभएको भन्दै उहाँले मदुरो अवैध राष्ट्रपति भएको तर्क गर्दै आफैंलाई राष्ट्रपति घोषणा गराउनु भएको थियो । गुएइदोको घोषणापछि चीन, रुससहितका केही ठूला देश र टर्की, क्युबा, बोलिभिया, उरुग्वे, मेक्सिकोसँगै इरान र उत्तर कोरिया लगायतका देशले ५६ वर्षीय मदुरोको समर्थन गरेका थिए भने अमेरिका, युरोपेली राष्ट्रहरु, ब्राजिल, कोलम्बिया, अर्जेन्टिना र अष्ट्रेलिया, इजरायललगायत झण्डै ५० देशले गुएइदोलाई अन्तरिम राष्ट्रपतिको मान्यता दिएका थिए । तर मदुरो अहिलेसम्म पनि राष्ट्रपति भवनमै रहन सफल हुनुभएको छ ।

२. बेलायतमा ब्रेक्जिट सम्झौताको पक्षमा जनमत

बेलायतमा प्रधानमन्त्री बोरिस जोनसनको पार्टी कन्जरभेटिभ्सले संसदको निर्वाचनमा बेलायतलाई युरोपेली संघ (ईयू)बाट बाहिर निकाल्ने जनादेश सहितको बहुमत पाएको छ । हाउस अफ कमन्सका ६ सय ५० स्थानमध्ये घोषणा गरिएका ६ सय स्थानमा जोनसनको कन्जरभेटिभ्स पार्टीले ३ सय २६ स्थानमा विजय प्राप्त गरेको छ । उहाँले आगामी जनवरी ३१ मा बेलायतलाई इयूबाट अलग्याउने गृहकार्य गरिरहनु भएको छ । तत्कालिन प्रधानमन्त्री थेरेसा मेले बहुमत गुमाएपछि अन्तरिम प्रधानमन्त्री हुँदै उहाँ नयाँ निर्वाचनबाट फेरी प्रधानमन्त्रीमा नियुक्त हुनुभएको हो ।

३. सम्बन्ध सुधार्ने प्रयासमा अमेरिका र उत्तर कोरिया

एक अर्कालाई प्रमुख दुश्मन ठान्ने उत्तर कोरिया र अमेरिकाको सम्बन्धमा सन् २०१९ मा उल्लेख्य प्रगति नभएपनि शीर्ष नेताको दुई बैठक भयो । अघिल्लो वर्षको जुन १२ का दिन सिङ्गापुरमा पहिलो पटक अंगालो हालेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाका सर्वोच्च नेता किम जोन उनले यस वर्ष दुई पटक शिखर बैठक गर्नुभयो । दोस्रो बैठक फेब्रुअरी २७ र २८ मा भियतनाममा भयो भने तेस्रो बैठक दुई कोरियाबीचको सिमानामा जुलाई १ मा भयो । दुवै बैठक ठोस उपलब्धीमूलक नभए पनि द्विपक्षीय सम्बन्धमा दरार नहुनुलाई नै सन्तोषको रुपमा हेरिएको छ ।

४. बाढी र रोगबाट सयौंको मृत्यु

बाढीका कारण भारतको केरला, कर्नाटक, गुजरात र महाराष्ट्रमा गरी ३ सय भन्दाबढीको मृत्यु भयो । भारतकै बिहारमा फैलिएको इन्सेफ्लाइटिस् रोगका कारण १ सय ६१ भन्दा बढीले ज्यान गुमाए । अष्ट्रेलियामा यस वर्ष फ्लूका कारण २ सय २० जनाभन्दा बढीको मृत्यु भयो ।

५. आन्दोलनमा सयौं मारिए

सुडानमा भएको आन्दोलनका क्रममा १०८ जनाको मृत्यु भयो भने इराकमा झण्डै एक सय जना आन्दोलनकै क्रममा मारिएका छन् । अफ्रिकी अन्य देशहरुमा पनि बेरोजगारी बढेको, आधारभूत सेवाबाट आम जनता बिमुख रहेको तथा सरकारमा भ्रष्टाचार बढेको भन्दै भइरहेका आन्दोलनमा परी सयौंको मृत्यु भएको छ ।

६. बेलायतमा कन्टेनरभित्र ३९ जनाको शव

बेलायतको एसेक्सस्थित वाटरग्लेड औद्योगिक क्षेत्रको पूर्वी सडकमा राखिएको एउटा लरीको कन्टेनरभित्र ३९ वटा शव फेला परेका छन् । शवमध्ये ३८ जना वयस्क र एक जना किशोरको रहेको परिक्षणबाट पुष्टि भएको थियो । उनीहरु सुरुमा चिनियाँ नागरिक भनिएपनि पछि भने भियतनामी भएको अधिकारीहरुले बताएका थिए ।

७. राहुल गान्धीको राजीनामा

भारतीय कंग्रेस पार्टीका अध्यक्ष राहुल गान्धीले पदबाट राजीनामा दिनुभयो । लोकसभा चुनावमा नराम्रोसँग हार व्यहोरेपछि राहुलले पदबाट राजीनामा दिनु भयो । उहाँलाई राजीनामा नदिन सुभेच्छुकहरुले दवाव दिएपनि उहाँले मान्नु भएन । उहाँको अडानका कारण पार्टीका पूर्वअध्यक्ष तथा राजिवकी आमा सोनिया गान्धी नै अहिले भारतीय राष्ट्रिय कांग्रेसको अन्तरिम अध्यक्ष हुनुहुन्छ ।

८. जापानी सम्राटको दुर्लभ निर्णय

जापानको इतिहासमा २ सय वर्षभन्दा बढी समयसम्म नभएको घटना यस वर्ष भयो । त्यहाँका सम्राटले स्वेच्छाले राजगद्दी त्याग्ने दुर्लभ निर्णय तत्कालीन सम्राट अकिहितोले गर्नुभयो । अकिहितोले गद्दी त्याग गरेपछि उहाँका छोरा ५९ वर्षका नारुहितो जापानको राजा हुनुभयो । नयाँ राजाले राजगद्दी समालेसँगै जापानमा नयाँ युगको सुरुवात भएको भनिएको छ ।

९. भारतमा बाबरी मस्जिद र जम्मु काश्मिर

भारत सरकारले जुलाई ५ मा मुस्लिम बाहुल्यता रहेको जम्मु काश्मिरलाई विशेष स्वायत्तता दिने संविधानको धारा ३७० खारेज गर्ने आदेश जारी गऱ्यो । त्यसपछि जम्मु-काश्मिर छुट्टै राज्य नभई केन्द्र शासित प्रदेश भएकाले भारतको इतिहासमा यसलाई महत्वपूर्ण दिनको रुपमा लिइएको छ । भारतकै अयोध्यामा वर्षौं पुरानो तथा विवादित मुद्दामा यस वर्ष फैसला भयो । उक्त स्थानमा रहेको रामको मन्दिर हिन्दूहरुले आफ्नो क्षेत्रका रुपमा दावी गरेका थिए भने इस्लामहरुले पनि उक्त क्षेत्रमा बाबरी मस्जिद बनाउनुपर्ने दाबी गर्दै आएका थिए । सर्वोच्च अदालतले सो स्थान हिन्दूहरुलाई दिने र इस्लामहरुका लागि मस्जिद बनाउन अर्को ठाउँमा जमिनको व्यवस्था गर्न फैसला गऱ्यो ।

१०. श्रीलंकामा दाजुभाइको सत्तारोहण

श्रीलङ्कामा भएको राष्ट्रपतीय निर्वाचनबाट पूर्व राष्ट्रपति महिन्दा राजपाक्षेका भाई गोटावया राजापाक्षे राष्ट्रपतिमा निर्वाचित हुनुभयो । उहाँ निर्वाचित भएको केही दिनमै तत्कालिन प्रधानमन्त्री रणिल विक्रमासिंघेले राजीनामा दिनुभयो र आफ्नै दाइ तथा पूर्व राष्ट्रपति महिन्दा राजापाक्षेलाई नै प्रधानमन्त्रीमा नियुक्त गर्नुभयो । सन् २००५ देखि २०१५ सम्म श्रीलंकाको राष्ट्रपति बनेर बाहिरिएका राजापक्षे फेरी सत्तामा फर्किएको र दाइ प्रधानमन्त्री तथा भाइ राष्ट्रपति भएको विषय दक्षिण एसियाको एक चर्चाको विषय रह्यो ।

११. इजिप्टका पूर्व राष्ट्रपति मोर्सीको अदालतमै मृत्यु

इजिप्टका पूर्व राष्ट्रपति मोहम्मद मोर्सीको अदालतमा बयान दिने क्रममा ढलेर मृत्यु भयो । अरब क्रान्तिपछि सन् २०१३ मा इजिप्टका राष्ट्रपति भएका मोर्सीलाई सेनाले एक वर्षमै अपदस्थ गरेको थियो । अदालतमा बयान दिन लागेको केहीबेरमा मोर्सी ढल्नुभएको थियो । प्रतिबन्धित मुस्लिम ब्रदरहुडका शीर्ष नेता ६७ वर्षीय मोर्सीका समर्थकहरुले भने उहाँको हत्या भएको आरोप लगाएका थिए ।

१२. पेरुका पूर्व राष्ट्रपति अमेरिकामा पक्राउ

भ्रष्टाचारको आरोपमा फरार रहेका पेरुका पूर्व राष्ट्रपति अलेक्जान्ड्रो टोलेडो संयुक्तराज्य अमेरिकामा पक्राउ पर्नुभयो । सन् २०१७ देखि संयुक्तराज्य अमेरिकामा बस्दै आउनुभएका टोलेडोमाथि ब्राजिली विशाल निर्माण कम्पनी ओडेब्रेक्टसँग पेरु र ब्राजिल जोड्ने राजमार्ग निर्माणको ठेक्का दिँदा घुस लिएको तथा अरु विभिन्न अपराधमा संलग्न रहेको आरोप छ ।

१३. दुई सय २७ बाल बालिकाको सामूहिक चिहान

दक्षिण अमेरिकी राष्ट्र पेरुका पुरातत्वविदहरुले २ सय २७ जना बालबालिकाको सामूहिक चिहान फेला पारे । आजसम्म फेला पारिएको यस्ता चिहानहरुमा यो सबैभन्दा ठूलो भएको अधिकारीहरुले बताएका थिए ।

१४. 'मीटू' मुद्दामा ३४ लाख क्षतिपूर्ति

जापानमा 'मीटू' अभियानबाट चर्चित ३० वर्षीया पत्रकार शिओरी इटोले बलात्कार सम्बन्धी मुद्दा जित्नु भएको छ । जापानमा यौनको विषयमा कम बहस हुने भएकाले यसलाई अत्यन्त महत्वका साथ लिइएको थियो । टोकियोस्थित 'सिभिल कोर्ट' ले इटोको पक्षमा फैसला सुनाउँदै पीडितलाई ३४ लाखभन्दा बढी रुपैयाँ जरिवाना तिर्न आदेश दिएको थियो । उहाँले आफूलाई करिअरबारे छलफल गर्न होटलमा बोलाएर बलात्कार भएको भन्दै दोषीलाई कारबाही गर्न र आफुलाई क्षतीपुर्ति दिलाउन माग गर्नुभएको थियो ।

१५. सरिफ सिकिस्त, अब्बासी पक्राउ

पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफ सिकिस्त बिरामी हुनुभएको छ । भ्रष्टाचार अभियोगमा जेल सजाय भोगिरहेका सरिफ जेलमै सिकिस्त बिरामी भएपछि पाकिस्तानको एक अस्पतालमा उपचार गरी निको नभएपछि बेलायत लगिएको थियो । उहाँको अवस्था अहिले पनि चिन्ताजनक नै रहेको छ । सन् २०१९ मै पाकिस्तानका पूर्व प्रधानमन्त्री शाहिद खकान अब्बासी पनि भ्रष्टाचार आरोपमा पक्राउ पर्नुभयो । सन् १९१७ को अगस्टदेखि २०१८ मेसम्म प्रधानमन्त्री भएका अब्बासीलाई पक्राउ गरिएको विषयलाई पनि चासोका साथ हेरियो ।

१६. मुसरफलाई मृत्युदण्ड

पाकिस्तानका अर्का पूर्व राष्ट्रपति परवेज मुसर्रफ विरुद्ध देशद्रोहको मुद्दामा विशेष अदालतले मृत्युदण्डको सजाय सुनाएपछि विश्वभरी नै फैसलाले विवाद निम्त्याएको छ । बिरामी अवस्थामा विदेशमा उपचार गराइरहेका मुसर्रफको मृत्युदण्ड हुनु अगावै निधन भएमा उहाँको शव तीन दिनसम्म सार्वजनिक ठाउँमा राख्न समेत आदेश दिएपछि यो विषय थप चर्चामा रहेको छ ।

१७. नागरिकताको नयाँ व्यवस्थाले ततायो भारत

नागरिकता सम्बन्धी संशोधित विधेयक पारित गरिएपछि पनि भारतका पश्चिम बङ्गाल, कलकत्ता, तामिल नाडू राज्यलगायतका शहरी क्षेत्रमा आन्दोलन चर्किएको छ । आन्दोलनका क्रममा दर्जनौंको मृत्यु भएको छ भने हजारौं घाइते भएका छन् । पाकिस्तान, बङ्गलादेश र अफगानिस्तानबाट आएको प्रमाण पेस गर्ने हिन्दु, शिख, बौद्ध, जैन, पारसी र इसाइ धर्मावलम्बीले भारतको नागरिकता पाउने नयाँ व्यवस्थाको विरोध भएको हो ।

१८. ट्रम्प विरुद्ध महाअभियोग प्रस्ताव

सदनबाट महाअभियोग लगाइएका अमेरिकी राष्ट्रपतिहरुमध्ये डोनाल्ड ट्रम्प तेस्रो राष्ट्रपति बन्नुभयो । हाउस अफ् रेप्रिजेन्टेटिभ्सले राष्ट्रपति ट्रम्पले शक्तिको दुरुपयोग गरेको भन्दै यही डिसेम्बर १८ मा महाभियोगको पक्षमा निर्णय गरेको हो । तल्लो सदनमा ट्रम्पलाई महाअभियोग लगाउने पक्षमा २३० र विपक्षमा १९७ मत खसेको थियो ।

१९. सान्ना विश्वकै कान्छी प्रधानमन्त्री

फिनल्याण्डकी ३४ वर्षीया सान्ना मरिन विश्वकै सबैभन्दा कम उमेरकी प्रधानमन्त्री चयन भएको विषयले यो वर्षको अन्त्यतिर निकै चर्चा भयो । प्रधानमन्त्री आन्ती रिन्नेले पदत्याग गरेपछि सोसल डेमोक्र्याटिक पार्टीले मरिनलाई सरकारको नेतृत्व गर्न चयन गरेको थियो । उहाँले मन्त्रीमण्डलमा महिलाको बहुमत र धेरै मन्त्री ४० वर्षभन्दा कम उमेरकालाई बनाउनु भएको छ । गठबन्धन सरकारमा ५ वटा दल सहभागी भएका छन् । ती सबै दलको नेतृत्व महिलाले गरेका छन् । यी बाहेक अमेरिका र चीनको व्यापार युद्ध, सिरिया, यमन, अफगानिस्तान आदिमा जारी द्वन्द्वलगायतका विषय पनि वर्षभरी चर्चामा रहिरहे । यस्तै उतार चढावका बीच वर्ष २०१९ विदा हुदैछ र नयाँ वर्ष २०२० लाग्न थालेको छ ।

२०. श्रीलंकामा नोभेम्बरमा गोटबाया राजापाक्छे राष्ट्रपति निर्वाचित हुनुभयो । यो दक्षिण एसियाको अर्को चर्चित घटना उहाँको विजयले मात्र नभए प्रधानमन्त्री महिन्दा राजापाक्छेको भाइ भएका कारणले भएको हो । त्यसको केही दिनमा नै महिन्दा राजापाक्छेलाई उहाँले प्रधानमन्त्रीमा नियुक्त गर्नुभयो ।

दक्षिण एसियाको राजनीतिमा सन् २००९ पछि शुरुमा चर्चित र पछि विवादास्पद पात्रका रुपमा महिन्दा राजापाक्छेलाई लिइन्छ । विद्रोही तमिल टाइगरलाई सैन्य कारबाहीबाट निर्मूल गरेपछि श्रीलंकाको गृहयुद्ध अन्त्य गराएका उहाँले त्यसको ब्याज एकछत्र रुपमा आफैले मात्र खान पाउनुपर्ने शैलीमा नातागोता, आफन्तलाई राज्य सत्तामा लिएर जसरी उहाँले शासन चलाउनु भयो त्यसले उहाँलाई विवादमा ल्यायो । देशमा भ्रष्टाचार र आफन्तवाद चरम रुपमा मौलाएको व्यापक गुनासोपछि जनताले उहाँलाई परास्त गरेपछि राष्ट्रपति बन्नुभएका मैत्रीपाला सिरिसेनाको कार्यकालमा समेत सत्तामा आउन उहाँले रचेका अनेक राजनीतिक काण्डहरुलाई अदालतले व्यवस्थापन गर्नुपरेको थियो । तर श्रीलंकाको राजनीति पुनः उहाँकै पोल्टामा परेको विश्लेषकहरुको भनाई छ । अहिले पुनः उहाँका सहोदर भाई राष्ट्रपति निर्वाचित हुनुभएको छ र त्यसको एकाध दिनमै उहाँ प्रधानमन्त्रीको सपथ लिन सफल हुनुभएको छ । केही समयअघि सर्वोच्च अदालतसामु पुगेको यहाँको राजनीतिक उलटपुलट र दुई सय भन्दा बढीको ज्यान जानेगरी यहाँ भएको आतंककारी हमलाको भन्दा पनि बढी चासो र चर्चा यो पछिल्लो राजनीतिक समीकरणले बटुलेको छ ।

२१.नेपालमा हालसालै मात्र भारतले नेपालको कालापानी भूभाग आफनो दाबी गर्दै भारतीय नक्सामा राखेको भन्ने विवादले अन्तर्राष्ट्रिय रुपमा चर्चा पायो । नेपाल सरकार, यहाँका सबै राजनीतिक दलहरु र सिंगो देशले एक भएर भारतलाई नेपालको सीमाबाट सेना हटाउन र नेपालको भूभागलाई छोडेर आफनो नक्सा जारी गर्न दिएको दबाव यस वर्षको मुख्य घटना हो । त्यसैगरी नेपालका बहालवाला सभामुख तथा नेकपाका एकजना वरिष्ठ नेता कृष्णबहादुर महरा यौन दुर्व्यवहारको आरोपमा जेल परेको घटना पनि नेपालबाहिरसम्म नै पुगेको थियो ।

कविता

## सडक निर्माण



यहाँ यस्तै यस्तै हुन्छ
गाउँ र माउ सरकारले,सही बजेट बाँड्ने ।
उपभोक्तामा काम गर्न,जिम्मा सबै छाड्ने ॥
समितिले गर्ने हो काम,मनोमानी हुन्छ ।
प्राविधिकसँग कुरा मिल्छ यहाँ,यस्तै यस्तै हुन्छ ॥
॥ १॥
असारमा विनियोजन हुन्छ,बजेट सँधै यहाँ ।
उपभोक्ता समिति नि बन्छ,कार्तिक बीच महाँ ॥
हिउँदभरी चुपचाप सबै,खोइ कुन्नि के हुन्छ ।
जेठ तिर पो काम शुरू यहाँ,यस्तै यस्तै हुन्छ ॥
॥ २॥
नया सडक आइ सर्वे यहाँ,समितिले गर्छन् ।
मर्मत गर्ने त्यहीं हो जहाँ,सस्तो सामान भर्छन् ॥
आवश्यकता कहाँ के हो त्यो,पर राख्दा हुन्छ ।
इस्टिमेट त काम पछि पो यहाँ,यस्तै यस्तै हुन्छ ॥
॥ ३॥
कसले मुख खोल्छन् र यहाँ,सञ्जाल त्यस्तै हुन्छ ।
प्राविधिकले चट्ट कागज,भन्नुस कसले छुन्छ ॥
सिफारिस त तुरुन्तै हो नत्र,पछि चुनाव रुन्छ ।
सडक विकास यस्तो हाम्रो यहाँ,यस्तै यस्तै हुन्छ ॥
॥ ४॥

चन्द्र प्रसाद घिमिरे
गर्जाङ्ग, १-गोकुलगंगा,रामेछाप

## मौनता भित्र

उ त आकाश हो म धरती
उ चम्किन्छ नभको सितारा बनेर
म मगमगाउछु
धर्तीको फूलको सुवास बनेर
उ जुनेली आभा छर्छ ,सुन्दरता बढाउन
म आनन्दित हुन्छु पवित्र उस्को स्पर्शमा
उस्को विशाल मायाको आगोसमा
सुरक्षित ठान्दछु
गौरान्वित मान्दछु आफुलाई
उ जस्तो त कहि छैन कतै छैन
सूरज संग मितेरी लाएको छ उस्ले
सागरका बुँदहरुलाई बादलका पर्दा बनाउन
लुकामारी खेल्छ उस्ले
बादलको बहाव संग
अनि सुखापनमा बर्साउछ
कहिले शीत कहिले वर्षा बनाएर
अनगिन्ती ताराहरु समेटनुछ
एउटै प्रकाशले धर्ती सजाउनु छ उस्ले
टाढा क्षितिजमा देखिन्छ एकपल
धर्ती आकाश मिलनको
त्यहि एकपल जिन्दगी जिउनु छ
चार हुन्छन् आँखा
धड्किन्छ दिल
अनि आफ्नै पाईला आफ्नै पथ
ती झिलमिलाहटमा
सपनाको मीठो आभाषले
बसन्तका उन्मादित ऋतुहरुमा
प्रेमका ती शीतले भिजेका फुलहरु
हृदयको एउटा कुनामा
अमिट छाप बनेर रहेको
जूनमा लागेको दाग जस्तै
धर्तीमा बनेको डोब जस्तै
निस्कलक्त निस्पाप
हरेक दिन हरेक रात हरेक पल
मिलन र बिछोडको घडी
उ त टाढा पूरा ब्रम्हाण्ड बनेको
म त केबल धुलो मात्र
रात र दिन गन्दै
युग युगान्तर सम्म
अस्थिर रहि घुमिरहन्छु
कल्पना संगै सपना संगै
धर्ती र आकाश मिलनको
मौनता संगै कालान्तर सम्म ।



अनुराधा शर्मा
काठमाडौं

# जडिबुटी व्यवसायी संघ नेपालको १० औं साधारणसभाबाट निविरोध चयन भएका पदाधिकारीहरु








अध्यक्षः बिष्णु भण्डारी


वरिष्ठ उपाध्यक्षः मञ्जिव शाक्य


प्रथम उपाध्यक्षः कृष्ण कडेल


उपाध्यक्षः जंग बहादुर गुरुङ


सचिवः सुनिलमान तुलाधर


सहसचिवः महेश बञ्जरा


कोषाध्यक्षः विक्रमराज कुँवर


वरिष्ठ सदस्य जगदिशचन्द्र घिमिर


मनोरथ गौतम


देशमाया लामा


कमल कोइराला


सुदीप गौतम,


सुरेश सापकोटा

**जनआकाश मिडिया प्रा.लि.का लागिः** **प्रकाशकः** द्रोणबहादुर बस्नेत, **प्रधान सम्पादक**, मोहन कार्की ९८६१५८८४५६, **कम्प्युटरः** जनआकाश डेस्कटप
**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, **मुद्रणः** सुप्रिम प्रिन्टिङ्ग प्रेस